# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ३९ पूर्णाङ्क १८४ २०७७ जेठ ५ गते सोमबार Monday, 18 May, 2020 पृष्ठ ८ मूल्य रू. १०।-


## ५५औं विद्यार्थी एकता दिवसको उपलक्ष्यमा अखिल (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलद्वारा शुभकामना सन्देश

*वैज्ञानिक र जनवादी शिक्षा प्राप्तीको निम्ति संघर्षलाई अझै घनीभत बनाउन अत्यावश्यक छ*



नोबल कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी महामारी विरुद्ध संघर्ष गर्दै अघि बढिरहेको सन्दर्भमा ५५औ विद्यार्थी एकता दिवसको उपलक्ष्यमा राष्ट्रियता, *बाँकी ८ पेजमा*

# क्रान्तिकारी माओवादीको स्थायी समिति बैठकका निर्णय सार्वजनिक

## राष्ट्रिय स्वाधीनता, राहत तथा उद्धारको लागि संघर्षको घोषणा

- **प्रधानमन्त्री केपी ओलीको अविलम्ब राजीनामाको माग**
- **संयुक्त संघर्षका लागि आव्हान**
- **राष्ट्रिय सहमति गर्न जोडदार माग**
- **भारतीय हस्तक्षेप तथा अतिक्रमणलाई अन्तर्राष्ट्रियकरण गर्न माग**
- **राहत र उद्धारको यथाशीघ्र व्यवस्था मिलाउन माग**



*प्रधानमन्त्री केपी ओलीको अविलम्ब राजीनामाको माग*

काठमाडौं । अहिलेको यो संवेदनशील घडीमा सबै कुरा ठीकठाक छ भनेर प्रस्तुत हुने, भारतसित कुनै प्रभावकारी वार्ता, संवाद तथा पहल गर्न नसकी निष्क्रिय रक्षात्मक स्थिति तथा दलालीको मानसिकतामा रमाउने, राष्ट्रिय *बाँकी ८ पेजमा*

## बर्दिया जिल्लामा दशदलीय संयुक्त शान्तिपूर्ण कार्यक्रममा प्रहरी हस्तक्षेप



बर्दिया । भारतीय विस्तारवादले मुलुकमा खुलेआम हमला गरेको विरोधमा आज बर्र्दीयाको गुलेरियामा मोदीको पुत्ला जलाउने कार्यक्रमबाट पार्टीका नेता तथा कार्यकताहरूलाई भारतीय विस्तारवादको दलाल केपीओली सरकारले प्रहरी लगाई *बाँकी ४ पेजमा*

## नेपालमा कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या बढ्दै, जेठ ३ गते एक जना र ४ गते अर्को एकजनाको मृत्यु

काठमाडौं । धुलिखेल ल्याबमा कोरोना भाइरस पोजेटिभ देखिएकी २९ वर्षीया महिलाको जेठ ३ गते मृत्यु भएको अर्को दिन जेठ ४ गते बाँकेको नरैनापुर क्वारेन्टाइनमा बसेका युवकको मृत्यु भएको पुष्टी भएको छ । कोरोना भाइरसबाट नेपालभित्र मृत्यु हुने उनी पहिलो नेपाली थिइन भने यी युवक दोस्रो भएका छन् ।

नेपालमा पहिलो पटक कोरोना भाइरस (कोभिड–१९) पोजेटिभ देखिएकी एक सुत्केरी *बाँकी ४ पेजमा*

### *सीमा अतिक्रमणका विरूद्ध नेकपा (क्रान्तिकारी माओवादी) कालिकोटको कडा विरोध कार्यक्रम*

# जुलुस निकालेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला दहन



● **रुकुम योगी**

कालिकोट । नेकपा (क्रान्तिकारी माओवादी) कालिकोटले नेपाली भूमि भारतले अतिक्रमण गरेको विरोधमा मसाल जुलुससहीत देन्नीपाटा बजारबाट विरोध जनाउँदै सान्नि त्रिवेणी गाउँपालिकामा गएर भारतिय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला दहन गरेको छ । उक्त कार्यक्रम नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी कर्ण विसीको नेतृत्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल र अखिल क्रान्तिकारी विद्यार्थी संगठनको संयुक्त *बाँकी ४ पेजमा*

# शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गरेर ओली सरकारले राष्ट्रघाती कार्यमा साथ दिएको देजमो नेपालको आरोप

काठमाडौं । भारतीय विस्तारवादी शासक वर्गले नेपाली भूमिमाथि गरेको अतिक्रमण र सडक निर्माण कार्यका विरुद्ध गरिएको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि प्रहरी हस्तक्षेप गरी तीन दर्जनभन्दा बढी नेता कार्यकर्ताहरू गिरफ्तार गरेकोमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले एक वक्तव्यमार्फत ओली सरकारको यस्तो भारतीय विस्तारवादप्रति भक्तिभाव देखाएकोमा कडा विरोध गर्नु भएको छ । साथै शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा ३९ जना नेता कार्यकर्ताहरू गिरफ्तार गरेको भन्दै अध्यक्ष सीपी गजुरेलले गिरफ्तार नेता कार्यकर्ताहरूलाई तत्काल रिहाई गर्न पनि माग गर्नु भएको छ। वक्तव्यको पूर्णपाठ तल दिइएकोछ :

भारतीय विस्तारवादी मोदी



सरकारले गरेको नेपाली भूमीमाथिको अतिक्रमण र त्यसमा सडक निर्माण कार्यकाविरुद्ध नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सम्वद्ध विभिन्न जनवर्गीय सङ्गठन तथा मोर्चाहरूद्वारा संयुक्त रूपमा माइतीघर मण्डलामा गरिएको शान्तिपूर्ण विरोध कार्यक्रममा ओली सरकारको प्रहरी प्रशासनले अभद्र तरिकाले प्रदर्शनकारीहरूलाई गिरफ्तार गरेको छ। राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको रक्षाका लागि आयोजित शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गरेर ओली सरकारले भारतीय विस्तारवादप्रति भक्तिभाव देखाएको *बाँकी ४ पेजमा*

## क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप

# पाँच दर्जन बढी नेता कार्यकर्ता गिरफ्तार



● **धनमाया निरौला/विष्णु आले**

काडमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध जनवर्गीय संगठन तथा जातीय मोर्चाले *बाँकी ८ पेजमा*

## चौतर्फी दबाबपछि रिहा

काठमाडौं । चौतर्फी दबाबपछि नेकपा (क्रान्तिकारी माओवादी)का गिरफ्तार नेता कार्यकर्ताहरूलाई रिहा गरिएको छ। भृकुटीमण्डपस्थित महेन्द्र पुलिस क्लवमा राखिएका उनीहरूलाई राती साढे आठ बजेतिर रिहा गरिएको थियो ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत भारतीय शासक वर्गले अतिक्रमण गरेको नेपाली भूमि फिर्ताको माग राखेर आन्दोलित हुँदै आएको नेकपा (क्रान्तिकारी माओवादी)को ३ नं. प्रदेश र पार्टी सम्बद्ध जबस मोर्चाको संयुक्त आयोजनामा बुधबार गरिएको शान्तिपूर्ण प्रदर्शनमा *बाँकी ४ पेजमा*

# राष्ट्रिय अस्मिता र बेखबर शासकहरू

*भारतीय सत्ता र शासक वर्गले नेपालको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरूद्ध आफ्नो विस्तारवादी नीति र कार्यलाई थप निरन्तरता दिंदै राष्ट्रिय अस्मितामा गम्भीर आँच पुऱ्याउने काम गरिरहेको छ । अहिलेसम्म भारतले अपनाएको र देखाएको रवैयालाई हेर्दा भविष्यमा थप अगाडि बढाउने प्रष्ट देखिन्छ*



● **परि थापा** ●

***अतिक्रमणको निरन्तरता***

यसअघि २०७६ साल कार्तिक २४ गते (तदनुसार २०१९ अक्टोबर ३१ तारिखमा) भारत सरकारले त्यहाँको जम्मू-कश्मीर राज्यलाई जम्मू-कश्मीर र लद्दाख गरि दुई छुट्टाछुट्टै राज्यहरूमा विभाजन गर्ने निर्णय गरे पछि कालापानी देखि लिपुलेक हुँदै लिम्पियाधुरा सम्मको नेपाली भू-भागलाई समेत गाभेर नयाँ राजनैतिक नक्सा प्रकाशन गरेको थियो ।अहिले फेरि २०७७ साल वैशाख २६ गते (तदनुसार २०२० मे ०८ तारिख)मा भारत सरकारको तर्फबाट त्यहाँका रक्षामन्त्री राजनाथ सिंहले लिपुलेक हुँदै कैलास पर्वत( मानसरोवर) सम्म जाने 'लिंक रोड' निर्माण एवं संचालन गर्ने उद्देश्य सहित कच्ची मोटर बाटो (ट्र्याक) को दूरदर्शन (टेलिभिजन) मार्फत उदघाटन गरिसकेको छ । यसरी भारतीय सत्ता र शासक वर्गले नेपालको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्ध आफ्नो विस्तारवादी नीति र कार्यलाई थप निरन्तरता दिँदै राष्ट्रिय अस्मितामा गम्भीर आँच पुऱ्याउने काम गरिरहेको छ । अहिलेसम्म भारतले अपनाएको र देखाएको रवैयालाई हेर्दा भविष्यमा थप अगाडि बढाउने प्रष्ट देखिन्छ ।

***शासकीय बेवास्ता***

नेपाल प्रति भारतीय विस्तारवादले अवलम्वन गर्दै आएको मिचाहा नीतिको लामो श्रृंखला रहेकोछ र त्यसो *बाँकी ७ पेजमा*

## सम्पादकीय

### प्रम ओली अविलम्ब राजीनामा देऊ !

राजनीतिक पार्टी, नागरिक समाज, जिवाणु वैज्ञानिक तथा जनस्वास्थ्यविज्ञहरूले बारम्बार सरकारको खबरदारी गरे-कोरोना भाइरस फैलिन नदिन योजनाबद्ध पहल अगाडि बढाऊ, सर्वदलीय सर्वपक्षीय उच्चस्तरीय संयन्त्र बनाऊ, नागरिकको स्वास्थ्य, उद्दार र राहतमा संवेदनशील बन, स्वास्थ्य सामग्री खरिदमा समेत भ्रष्टाचार गर्नेलाई कारबाही गर, कोरोना परीक्षणको दायरा बढाऊ, पूर्वाधारहरूको निर्माण गर, आदि इत्यादि । तर सरकारले एउटै रट लगाउँदै आयो- नेपालमा अरु देशमा जस्तो कोभिडको महामारी फैलिँदैन । र, सर्वदलीय सर्वपक्षीय उच्चस्तरीय संयन्त्र बनाउनेमा कुनै चासो देखाएन । परिणामतः अहिले संक्रमण यति तीव्र गतिमा समुदायमा फैलिसकेको छ कि राज्यको नियन्त्रण बाहिर गइसकेको छ । शनिबार मात्र कोरोनाबाट एक सुत्केरीको मृत्युभएबाट कोरोना राज्यको नियन्त्रण बाहिर गएको विश्लेषण गर्न थालिएको छ । करिब दुई महिनादेखि लक डाउन जारी रहेपनि सरकारी लापरबाही र गैरजिम्मेवारीपनकै कारण कोरोना महामारी राज्यको नियन्त्रणबाहिर पुगेको हो ।

भारत तथा विदेशबाट आएका नेपाली नागरिकलाई सहज रूपमा नेपाल भित्र्याएर क्वारेन्टाइनमा राखी परिवारको सम्पर्कमा पुग्ने वातावरण मिलाएको भए संक्रमणको जोखिम निकै नै कम हुने थियो । सरकारले भारतबाट आएका अधिकांश नागरिकलाई सीमामै रोक्यो । सहज रूपमा नेपाल प्रवेश नपाएपछि लुकिछिपी उनीहरू नेपाल प्रवेश गर्न बाध्य भए । त्यसरी प्रवेश गरेका नागरिकहरूबाट नै संक्रमण समुदायस्तरमा फैलिएको धेरै ठाउँको घटनाक्रमले पुष्टि गरेको छ । सरकारको व्यवस्थापकीय असमक्षताकै कारण कोरोना संक्रमण राज्यको काबुबाहिर पुगेको पुष्ट छ ।

सीमामा अलपत्र नागरिक मात्र नभएर खाडी मुलुक लगायत दर्जनौ मुलुकमा रोजगारीका लागि गएका लाखौं नेपाली नागरिक अहिले अलपत्र अवस्थामा रहेका छन् । उनीहरूलाई त्यहाँको सरकार तथा कार्यरत कम्पनीले नेपाल फर्कन दबाब दिइरहेको छ । नागरिकहरू खानै नपाएर भोक भोकै पर्ने स्थितिमा विलाप गरिरहेका छन् । तर सरकारले उनीहरूलाई उद्दार गर्ने न्युनतम मानवीय संवेदनशीलता समेत देखाउन सकेको छैन । पहिलोपटक देशभित्रका तथा देश बाहिरका लाखौं लाख मजदुर, विपन्न तथा श्रमिक वर्गले एकसाथ राज्यविहीनताको गहिरोगरी महसुस गरिरहेका छैन् । श्रमजीवी वर्ग रोगले भन्दा भोकले मरिने त्रासमा बाँचिरहेको छ र लकडाउनको बेवास्ता गर्दै सडकमा उत्रिन थालेको छ । सरकार भने राहतको नाममा कार्यकर्ता पोस्ने र कालोबजारियाहरूसँग कमिसन असुल्नमै व्यस्त देखिन्छ ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत भारतीय सत्तासीन विस्तारवादी शासकवर्गले गरेको अतिक्रमणका विरुद्ध सडकमा उत्रिएको नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा लगायत दश दलीय बामपन्थी पार्टीहरू, नागरिक समाज तथा सीमाविद् तथा बुद्धिजीवीहरूले सरकारलाई भने- नेपाली सेनालाई ठेक्कापट्टामा होइन, सीमा सुरक्षाका लागि सीमा क्षेत्रमा तैनाथ गर, अतिक्रमित भूमि फिर्ता गराउन प्रधानमन्त्रीस्तरमा प्रभावकारी कुटनीतिक वार्ता गर, लिम्पियाधुरासहितको चुच्चे नक्सा अविलम्ब जारी गर, भारत वार्ता गर्न तयार नभए यो मुद्दालाई तत्काल अन्तर र्राष्ट्रियकरण गर, संविधान र सरकारको स्वस्तिक चिन्हमा भएको नक्कली नक्सा सच्याऊ, आदि इत्यादि । तर ओली नेतृत्वको सरकारले राष्ट्रिय स्वाधीनताको यति संवेदनशील विषयमा कुनै चिन्ता र चासो व्यक्त गरेन । विरोधको स्वर मत्थर पार्न केही नौटंकी गरेपनि एउटा कुटनीतिक नोट पठाएजस्तो मात्रै गर्‍यो । सीमा क्षेत्रमा जनता स्वयम् भारतीय हस्तक्षेपको प्रतिरोधमा उत्रदा र भारतीय सीमा सुरक्षा बलको गोलीबाट नागरिकहरू मारिदा समेत त्यसको प्रतिरक्षा सरकारले गरेन । बरु उल्टो देशको मानवीय तथा प्राकृतिक सम्पदा विदेशीलाई बेचेर ओली सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को गीत गाएर बस्यो । परिणामतः भारतीय विस्तारवादी शासकले लिपुलेक क्षेत्रको १९ किमि भूमि अतिक्रमण गरेर 'मानसरोबर सडक' निर्माण गरी उद्घाटन गर्‍यो । १२ बर्षअघिदेखि निर्माण सुरु गरी अघिल्लो शुक्रबार उद्घाटन गरिएको सडकबारे प्रधानमन्त्रीले संसदको बैठकमै अनभिज्ञता प्रकट गरे । सामान्य नागरिकले समेत नपत्याउने कुरा प्रधानमन्त्री ओलीले गरेपछि ओलीले गैरजिम्मेवारीपनको हद पार गरेको टिप्पणी भइरहेको छ । अनि भारतीय हस्तक्षेप तथा अतिक्रमणको विरोधमा महामारीको जोखिम मोल्दै राष्ट्रिय स्वाधीनताको रक्षा तथा देशको सीमाको रक्षाका लागि सडकमा उत्रिएका देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरूलाई स्वाबासी दिनुको सट्टा दमन, धरपकड र गिरफ्तार गरेर सच्चा देशभक्तहरूलाई निषेध गर्न खोजिरहेको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# डब्वल नेकपाभित्र कस्को विजय ?

## भीम रावलजस्ता देशभक्तको वा ओली–ज्ञवालीजस्ता राष्ट्रघातीको ?



● हुकुमबहादुर सिंह ●

देशमा नामधारी कम्युनिस्ट सरकार छ, डब्वल नेकपाको । जसले कम्युनिस्टको मात्रै बदनाम गरेको छैन, देशलाई क्रमसः बैदेशिक शक्तिहरू(भारत र अमेरिका)को चंगुलमा लैजाने काम गरिरहेको छ । यो सरकारको आयु जति लम्बीदै जानेछ, उति नै नेपाल र नेपाली जनताको भविश्य अन्धकारमय बन्दै जाने छ । दुई तिहाई मतको आधारमा बनेको सरकारले संसदलाई एउटा खेलौना बनाइरहेको छ । पार्टीको कारण बहुमत लिएर ओली सरकारमा गएका छन् तर पार्टीका निणयलाई उनले धोती लगाइदिने काम गरेका छन् । यसरी संसदीय फोहोरी खेललाई आधार बनाएर यो नामधारी कम्युनिस्ट सरकारले अमेरिकी र भारतीय हीतमा काम गरिरहेको छ । यसका यी राष्ट्रविरोधी र जनताविरोधी कामहरूलाई बन्देज लगाउने भनेको यो सरकारका विरुद्ध विद्रोह नै एउटा विकल्प देखिदै छ । दुई विद्रोह- डब्वल नेकपा भित्रको विद्रोह र जनताको विद्रोह । कुनै पनि विद्रोह रहर होइन यो एउटा वाध्यता बन्न गएको छ । अहिले यो सरकारका राष्ट्रविरोधी र जनताविरोधी कामहरूलाइ लिएर एक्ला एकलै संघर्षमा जो जो उत्रिएका छन्-पार्टी भित्र र बाहिर, अब ती शक्तिहरूका बीचमा कार्यगत एकताको अपरिहार्यता देखिएको छ । जसले देशमा प्रभावकारी विद्रोहको व्यवस्थापन गर्न सकोस किनभने यो सरकारले जनमत गुमाइसकेको मात्रै छैन स्वयम् पार्टीभित्र पनि अल्पमतमा काम गरीरहेको स्पष्ट हुन्छ । सत्ताको दुरूपयोग गरेर मात्रै यो बलियो देखिएको हो । ओली जत्तिको राष्ट्रघाती र जनघाती सरकार अहिलेसम्म न बनेका थिए न बन्ने छन् । यहाँ किन यो सरकारका विरुद्ध विद्रोह आवश्यक परेको छ, संक्षिप्तमा लेख्ने काम गरिएको छ ।

यो सरकारका प्रधानमन्त्री स्वयमूले भारतले नेपालको सिमाभित्र २२ किमि सडक बनाएर उद्घाटन गरेपछि थाहा पाए भनेका छन् । त्यसैगरी देशको ठूलो दलको कार्यकारीणी अध्यक्ष हुँ भन्ने पुष्पकमल दाहालको पनि नेपालको सार्वभौमिकतालाई खण्डीत गर्ने काममा भारतीय ग्रान्डडिजाइनलाई मद्त पुठ्याउने काम गरेको प्रशस्त उदाहरणहरू छन् ।

दुई वर्षअघिदेखि नेपालको कालापानी-लिम्पीयाधुरा-लिपुलेकलाई हटाएर भारतद्धारा प्रकाशित नेपालको नक्शा नेपालका स्कूल कलेज, सरकारी तथा गैह्सरकारी कार्यालयहरूमा प्रयोगमा ल्याइएको विरोधमा नेकपा(क्रान्तिकारी माओवादी) काठमाण्डौ जिल्लाले सुरु गरेको राष्ट्रिय स्वाधिनताको अभियानले एउटा खालको जनचेतना जगाउने काम गरेको थियो तर ओली सरकार र नेपालका अन्य राजनीतिक दलहरूले त्यसलाई त्यति महत्वका साथ लिएका थिएनन । तर जव भारतले निकालेको उसको नयाँ नक्शामा कालापानी-लिम्पीयाधुरा-लिपुलेकु क्षेत्रलाई भारतीय नक्शामा गाभेर नक्शा निकाल्ने काम गरियो, नेकपा(क्रान्तिकारी माओवादी) लगायत अन्य देशभक्त राजनीतिक दल तथा नागरिक समाजले ओली सरकारमाथि दवाव सृजनागर्न थाले, अनिमात्रै नेपाली जनताको विरोधलाई साम्यपार्न कुटनीतिक पहलको नाममा सर्वदलीय बैठक बोलाउने र एउटा डिप्लोमेटिक नोट भारतीय सरकारलाई दिने काम गर्‍यो । भारतले यसलाई कुने महत्त्व दिएन र नेपालको भूभागमाथि २२ किलोमिटरको सडक नीर्माण गरी उद्घाटन समेत गर्न सफल भयो । त्यसपछि स्वाभिमानी नेपालीहरूले कोरोनाको प्रवाह नगरी भारतीय अतिक्रमणको विरुद्ध सडकमा उत्रिए । भारतलाई खासगरी मोदीलाई खूशी पार्न ओली सरकारले प्रदर्शनमा उत्रिएका नेपालीहरूमाथि दमन गर्ने काम गदैरहयो । नेपाली जनताको विद्रोहलाई साम्य पानृका लागि अहिले ओली सरकारले सरकारको नीति तथा कार्यक्रममा नेपालको कालापानी-लिम्पीयाधुरा-लिपुलेकलाई गाभेर नेपालको नयाँ नक्शा निकाल्ने भनेर नीति तथा कार्यक्रममा राखेको देखिन्छ । यो ओली सरकारको इमान्दारी छैन्, त्यसैले यो काम पनि उसले नेपालको राष्ट्रियता तथा सार्वभौमिकताको रक्षाका लागि नभई यो सरकारले यसको साथमा एमसीसीलाइ्र ससंदद्धारा यही नीति तथा कार्यक्रमलाई पास गराएर र त्यसमा नेपालको तर्फबाट बजेट विनियोजित गराएर गर्ने षडयन्त्रमा लागेको स्पष्ट भएको छ ।

झलनाथ खनाल नेतृत्वको कार्यदलले एमसीसी यथास्थितिमा संसदबाट अनुमोदन गर्न नहुने निष्कर्ष निकालेको थियो र उक्त कार्यदलले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कपीरेसन सम्झौता (एमसीसी) सहायता सामान्य दुईपक्षीय अनुदान नभई अमेरिकाको विश्वव्यापी रणनीति र कार्यक्रमअन्तर्गत रहेको निष्कर्ष निकालेको छ । यसलाई अमेरिकी सैन्य रणनीतिको अंगका रूपमा व्याख्या गरेको छ ।

त्यसैगरी नेपाल सरकार र एमसीसीबीचको सम्झौता र नेपालको कानुनको अन्तरसम्बन्धबारे सम्झौतामा उल्लेख गरिएका कतिपय व्यवस्था अन्योल उत्पन्न गर्ने किसिमका र त्रुटिपूर्ण रहेको निष्कर्ष निकालिएको छ । साथै, वर्तमान र भविष्यमा बन्ने अमेरिकी कानुन लागू हुने भनी गरिएको त्रुटिपूर्ण व्यवस्था सच्याइनु पर्ने सुझाव पनि प्रतिवेदनमा छ ।

कार्यदलले एमसीसी स्वतन्त्र र सन्तुलित नीतिमाथि आधारित रहेर छिमेकी मित्र राष्ट्रहरू, अन्य मित्र एवं विकास साझेदार राष्ट्र र संस्थाहरूसँग सम्बन्ध कायम गर्दै त्यसलाई विस्तार र सुदृढ गर्ने नेपालले अवलम्बन गर्दै आएको नीति अनुरूप हुनपर्ने बताएको छ ।

सहायताले राष्ट्रिय आवश्यकता र स्रोतको न्यूनताबीचको अन्तर कम गर्न, देशको विश्वसनीयता वृद्धि गर्न तथा लगानी र व्यवसायका लागि अनुकूल स्थिति रहेको सन्देश सम्प्रेषण गर्न साथै आधुनिक प्रविधिमार्फत विकास कार्यमा गति दिन पनि सहयोग पुरयाउनपर्ने ठहर गरेको छ ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान सबैको लागि सर्वाधिक महत्व हुने भन्दै कार्यदलले नेपाल सरकार र एमसीसीका बीच भएको आर्थिक अनुदान सहायता सम्झौता पनि नेपालले हालसम्म अवलम्बन गर्दै आएको स्वतन्त्र परराष्ट्र नीति तथा सबै राष्ट्रहरूसँग मित्रता र सार्वभौमिक समानताको मान्यता अनुरूप नै हुनुपर्ने निष्कर्ष निकालेको छ ।

कार्यदलले यससँग मेल नखाने मूल सम्झौता र सहायक सम्झौताका प्रावधानहरू संशोधन वा परिवर्तन हुनुपर्ने सुझाव दिएको छ ।

यस्तै, एमसीसीको कार्यक्रम आर्थिक योजनासँग सम्बन्धित देखिए पनि यो अमेरिकी सरकारको सुरक्षा लक्ष्य र कार्यक्रमसँग घनिष्ठ रूपमा जोडिएको प्रतिवेदनमा उल्लेख छ ।

एमसीसी अन्तर्गत नेपाललाई प्राप्त हुने अनुदान अमेरिकी सामरिक र रणनीतिक लक्ष्य अन्तर्गत आईपीएससँग सम्बन्धित नभएको र नहुने कुरा सुनिश्चित हुनेगरी नेपाल र अमेरिकाबीच औपचारिक पत्राचारद्वारा प्रष्ट गरिनुपर्ने प्रतिवेदनमा सुझाव दिइएको छ । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीसमेत सदस्य रहेको कार्यदलले त्यसका लागि परराष्ट्र मन्त्रालयले आवश्यक पहल हुनुपर्ने सुझाव दिएको छ ।

निर्मित विद्युत प्रसारण लाईन नेपाल सरकारलाई हस्तान्तरण गरी राष्ट्रिय आवश्यकता अनुरूप संचालन हुने स्पष्ट प्रावधान हुनुपर्ने तथा मर्मत सम्भार गरिने भनिएका सडकहरू त्यस्तो मर्मत सम्भारपछि तुरन्तै नेपाल सरकारलाई हस्तान्तरण गरी संचालन गरिने कुरा प्रष्ट हुनु आवश्यक रहेको कार्यदलको प्रतिवेदनमा छ ।

एमसीसी अनुदान अन्तर्गत नेपालमा संचालन हुने आयोजना पाँच बर्षको लागि भएकाले निर्मित संरचनाहरू आयोजना पूरा हुनेबित्तिकै सम्पूर्णरूपमा नेपाललाई हस्तान्तरण गर्ने प्रावधान सुनिश्चित गरि नुपर्ने नेकपाको कार्यदल प्रतिवेदनमा छ ।

मूल सम्झौता र त्यस अन्तर्गत भएका सबै सम्झौताहरूमा पारस्परिक समानता अनुरूपको भाषा प्रयोग गरिनुपर्ने सुझाव पनि दिएको छ ।

यस्तै, कार्यक्रम अन्तर्गतका आयोजनाहरूमा नेपाली कम्पनीहरूले कर्मचारी र कामदार भर्तिको लागि काम गर्नपाउनु पर्ने सुझाव कार्यदलले दिएको छ । नेपालमा उपलब्ध नहुने जनशक्ति आवश्यक हुने स्थानमा मात्र विदेशी नागरिकहरूले काम गर्नपाउने व्यवस्था गरिनुपर्ने सुझाव प्रतिवेदनमा छ ।

नेपाल सरकार र एमसीसी सम्झौता संसदबाट अनुमोदन हुने वा नहुने विषयको अन्तिम टुंगो नलाग्दै आयोजना कार्यान्वयनको काम अगाडि बढाइनु कानूनी र व्यवहारिक दुबै दृष्टिले अनुचित हुने कार्यदलको निष्कर्ष छ । यस्तै, एमसीए-नेपाल सोझै एमसीसीबाट निर्देशित र परिचालित नभई नेपाल सरकारद्वारा संचालित र निर्देशित हुने व्यवस्था गरिनुपर्ने सुझाव पनि प्रतिवदेनमा छ । नेपाल सरकारको अधिकार र भूमिकालाई यथोचित स्थान दिँदै त्यसलाई कुनै पनि अर्थमा निषेध गर्न नहुने तथा कार्यक्रमका सबै गतिविधिहरू नेपाल सरकारको सहभागिता, अनुगमन र निरीक्षणको दायरामा रहनुपर्ने कुरा प्रतिवेदनमा छ ।

अनुदान सहायता सम्झौता तथा त्यसअन्तर्गत गरिएका कार्यक्रम कार्यान्वयन सम्झौतालगायतका सम्झौताहरूमाथि गम्भीर ध्यान दिई त्यस सम्बन्धमा आवश्यक संशोधन, सुधार र परिमार्जन गर्नु आवश्यक रहेको कार्यदलको निष्कर्ष छ । यसो गरेरमात्र सम्झौतालाई संसदबाट अनुमोदन गर्ने वा अगाडि बढाउने कार्य गरिनु पर्ने उल्लेख छ । तर नीति तथा कार्यक्रमले यी सबैलाई रददीको टोकरीमा फाल्ने काम गरेको छ ।

स्वाभिमानी नेपाली जनताको लागि खुशीको कुरा के हो भने यसरी नीति तथा कार्यक्रममा एमसीसी समावेश गरिएकोमा भीम रावलले आपत्ति जनाएका छन् । पार्टीको तर्फबाट एमसीसीवारे अध्ययन गरी पार्टीलाई यसवारे सुझाव दिने तीन जनाको दलमा भीम रावल पनि थिए । उनले भनेका छन्-"प्रतिनीधि सभामा समेत विचाराधिन रहेको विषयमा अहिले नै सरकारले नीति तथा कार्यक्रममा समेटेर संसदको समेत विशेषाधिकार हनन गरेको छ ।"

नेकपाभित्र यो विषय निरूपण भएको छैन । तर सरकारको नीति तथा कार्यक्रममा यसलाई समेटिएर आउनु भनेको नेकपाभित्रका आफूलाई एमसीसीलाई नेपालको हीतमा संशोधन गरेर मात्रै कार्यान्वयन गर्नु पर्छ भन्नेहरूको सही अनुहारलाई यसले नेपाली जनताको नजरमा उदांग पारीदिने छ । एमसीसीअन्तरगत बनाउने भनिएको लप्सीफेदी -रातामाटे प्रशारण लाइनको कुरा नीति तथा कार्यक्रम भित्र पारिउको छ । ओली सरकार यसरी प्रतिनीधिसभाको विशेषाधिका र पार्टी निणर्य दुवैको विपरित गएको छ । नीति तथा कायृक्रममा लप्सीफेदी -रातामाटे-हेटौडा र लप्सीफेदी -रातामाटे-दमौली-बुटवल ४ सय केभी पृशारण लाइन निर्माण अघि बढाउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

यसको साथै भीमरावलले ओली सरकारले नीति तथा कार्यक्रममा ल्याएको अर्को शंकाष्पद 'अन्तरदेशीय आर्थिक क्षेत्र'बनाउने विषयमा पनि आशंका गरेका छन् । नीति तथा कार्यक्रममा भारतसंगको सहकार्यमा अन्तरदेशीय आर्थिक क्षेत्र'बनाउने भन्ने विषयको अर्थ के हो स्पष्ट पार्न सरकारसंग माग गरेका छन् । यसरी सरकारले संसदमा पेश गरेको नीति तथा कार्यक्रमले कार्यदलले एमसीसीलाई अमेरिकी सैन्य रणनीतिको अंगका रूपमा व्याख्या गरेको छ र यसलाई संशोधन नगरी जस्ताको तस्तै पास होस भन्ने षडयन्त्रका साथ अगाडि ल्याएको छ । यसका पछाडिको षडयन्त्र अमेरिकी फौजलाई नेपालको भूमिमा परेड खेलाउने रहेको स्पष्ट छ । जवबि भारतीय सेनाले यसअभिनै नेपालको अतिक्रमित भूभागभित्र परेड खेलिरहेका छन् ।

ओली सरकारका वर्तमान अर्थमन्त्री डा. खतिवडा अमेरिकी स्वार्थमा कामगर्ने मन्त्री हुन्, रूपमा उनी वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी ओलीका विश्वासपात्र देखिएका छन् तर सारमा उनी अमेरिकी सरकारका पक्षमा नेपाल सरकारमा रहेर कामगर्ने मानिस हुन । त्यसैले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी ओलीले चाहेर पनि उनीलाई मन्त्री(त्यो पनि अर्थ) बाट हटाउन सक्दैनन । अहिले उनले एमसीसी संसबाट पास गराउने राम्रो उपाय देखे-त्यो भनेको संसदमा राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत पेश गर्न लगाएको सरकारको नीति तथा कार्यक्रम पास गराएर । संसदमा एमसीसी पास हुने की नहुने भन्ने सवाल अहिले सरकारको नीति तथा कार्यक्रममा गाभिएर आएको छ र यसमा संसदका सबै जसो दलहरू यसवारे ओलीसित सहमत छन् तर सरकारी दलभित्रका एक पक्षमा जो अहिलेसम्म देशभक्त र राष्ट्रवादी देखिएका छन्-भीम रावल र झलनाथ खनाल, जो पार्टीको तर्फबाट एमसीसीवारे अध्ययन गरी पार्टीलाई यसवारे सुझाव दिने तीन जनाको दलमा थिए र उनीहरूले पेश गरेको माथिल्लो उल्लेखित प्रतिवेदनमा स्पष्टसंग भनिएको छ कि एमसीसीमा धेरै बुँदाहरू सशोधन गरेर मात्रै पास गर्नु पर्छ । तर ओली सरकार र वर्तमान अर्थमन्त्री डा. खतिवडाले चलाखीपूर्वक एमसीसी लाई संसदमा पेश गरेका छन् । यसको साथै ओली सरकारले नीति तथा कार्यक्रममा ल्याएको अर्को संकाष्पद विषय 'अन्तरदेशीय आर्थिक क्षेत्र'बनाउने, । यी दुवैलाई नीति तथा कार्यक्रमबाट पास गराएर पछि बजेटमा त्यसलाई समावे श गर्ने र उनीहरूको बैदेशिक शक्तिहरू(अमेरिका र भारत) दुवैलाई खूशी पार्ने रहेको छ । यो ओलीको राष्ट्रघात र जनघात दुवै हो र यो राष्ट्रघात र जनघातमा डव्वल नेकपा कति हदसम्म गिरेर जान्छ, हेर्न बांकी छ । पार्टीभित्र भिमरावलजस्ता देशभक्तको विजय हुने छ वा ओली-ज्ञवालीजस्ता राष्ट्रघातीको ? हेर्न घेरै दिन कुर्नु पर्ने छैन । २०७७ जेठ ४ गते

hukumsingh2012@yahoo.com

# ओली सरकारको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमः नवउदारवादी


● सीताराम तामाङ ●

*ओली सरकारको चरित्र ब्राह्मणवादी फासिष्ट छ । यो संघीयता विरोधी छ र जनजाति, दलित, मधेसी, महिला आन्दोलन विरोधी छ । सरकारको यो बर्षको नीति तथा कार्यक्रममा पनि देखिन्छ । प्रदेश र स्थानीय निकायको कार्यक्रम पनि केन्द्रबाटै संचालन गर्ने नीति तथा कार्यक्रम छ । स्वास्थमा स्थानीय र अञ्चलको कुरो ल्याएको छ जवकि अञ्चलको प्रावधान संविधानमा नै राखिएको छैन*

*१) विषय प्रस्तुती*

राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदमा जेष्ठ २ गते शुक्रवार ओली सरकारको आ.व. २०७७/०७८ को नीति तथा कायक्रम प्रस्तुत गरिन् । रक्सी पुरानै बोतल नयाँः सनातन धर्म निर्वाह गरेको कनिका छर्ने बजेट ल्याउने घोषणा ! कोरोनाले ल्याएको विश्वब्यापी संकट र त्यसको गम्भीर आर्थिक संकट नेपालले पनि भोग्नु परिरहेको छ । आ.व. २०७६/०७७ मा नेपालको आर्थिक वृद्धिदर ८.० प्रतिशत पुग्ने लक्ष राखिएकोमा १.५ प्रतिशत मात्र हुनसक्ने विश्व बैंकले अनुमान गरको छ । यसको अर्थ हो हाम्रो अर्थतंत्र तहस नहसको अवस्थामा छ । त्यसलाई संवोधन गर्ने नीति तथा कार्यक्रम अहिलेको प्राथमिक खाँचो हो तर सरकारले यसलाई खासै ध्यान नदिएको र परम्परा धान्ने दस्तावेज ल्याएको छ ।

*२) राज्यको नीति तथा कार्यक्रमले ध्यान दिनुपर्ने दुई कुराः*

क) नेपाल विकासमा धेरै पछि परेको अर्ध-सामन्ती अवस्थामा रहेको मूलुक हो । यहाँको सामन्ती । अर्ध-सामन्ती उत्पादन सम्वन्धलाई खत्तम पार्नु पर्ने, कृषिक्षेत्रको समस्यालाई प्राथमिकतामा राखेर आमुल परिवर्तनको नीति तथा कार्यक्रम ल्याउनु पर्ने र त्यस्तो आँटिलो राज्यसत्ता आजको माग हो । त्यस दिशातिर हिजोको सरकार पनि थिएन र आजको ओली सरकार पनि छैन । कृषिलाई आधुनिक, व्यवसायिक र आकर्षक कसरी बनाउने ? आफ्ना आवश्यकता पुरा नभएको कृषि पेशा छोडी शहर तथा विदेश पसेका लाखौं युवालाई स्वदेशमा फर्काउने वा फर्कदा तिनलाई कृषिमा कसरी पुनस्थापित गर्न सकिन्छ वा अन्य केही विकल्प पनि दिन सकिन्छ कि भन्ने विषयमा नीति तथा कार्यक्रम बोलेको देखिदैन । बरु ने.का. को अर्थमंत्री रामशरण महतको कर्पोरेट फार्मिङलाई नै सहयोग पुऱ्याएको देखिन्छ ।

ख) नेपाल अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक उत्पीडन भोगीरहेको मुलुक हो । यहाँको उद्योग धन्दा र व्यापारको विकासमा मुख्य वाधक रहेको विदेशी एकाधिकार पुँजीको हस्तक्षेप रोकेर मात्र देशको अर्थतंत्रलाई आत्मनिर्भर बनाउन सकिन्छ । राज्यको नीति तथा कार्यक्रम त्यस दिशामा आँट भएको हुनु पर्दछ । आज मजदुर र स्वरोजगार वर्ग ठूलो मार्कामा परेका छन् । एउटा आँकडा अनुसार ४, ५ लाखले रोजगारी गुमाउने छन्, १०, १२ लाख बाहिरबाट फर्कनेछन् र प्रतिबर्ष ४, ५ लाख नयाँ रोजगारीको खोजी गर्ने हुन्छन् । यी शक्तिलाई कसरी ब्यवस्थापन गर्ने र रूग्ण रहेका उद्योगधन्दालाई कसरी पुनरुत्पादन गर्ने भन्ने विषयमा नीति तथा कार्यक्रम बोलेको छैन ।

मुख्यतः स्वदेशी उत्पादन बढाएर र अनावश्यक आयतलाई कटौति गरेर आयत प्रतिस्थापन गर्ने कार्यक्रम आउनु पर्दथ्यो, त्यो आएन । परम्परागत दलाल आर्थिक नीतिलाई नै निरन्तरता दिइएको छ ।

*३) एम.सी.सी को कार्यक्रम आयो*

सरकारले एम.सी.सी.को नाम नलिएरनै त्यसको कार्यक्रम ल्याएको छ । राष्ट्रपतिको निति तथा कार्यक्रमको दुई सय एघार नं. बुदामा भनिएको छ “लप्सीफेंदी-रातामाटे-हेटौडा र लप्सीफंदी-रातामाटे-दमौली-बुटवल चार सय के.भी. प्रसारन लायन निर्मान कार्य अघि बढाइने छ ।” यो कार्यक्रमको लागि चालिस करोड अमेरिकी डलर लाग्ने एम.सी.सी. ले जनाएको छ । त्यसतै दुई सय दस नं. बुदामा बुटवल-गोरखपुर दोस्रो अन्तरदेशीय प्रसारण लयानको निर्माण कार्य अघि बडाउने भनिएको छ । यसको लागि अमेरिकाले दस करोड डलर अनुदान दिने छ । चालु सदनबाटनै एम.सी.सी. सम्झौता पारित गरउनृ खेल भई रहेको छ । अमेरिकी साम्राज्यबादी जालोमा नेपाललाई पार्ने यो खतरनाक खेल हो - यो अर्को दलाली हो जो हाम्रो सार्भभौमिकताको बिरुद्द छ ।

*४) कोरोना महामारी र नयाँ अवसर*

कोरोना महामारीले नकरात्मक प्रभाव पारेको छ । विश्वलाइ नै लकडाउनमा राखेको छ । विभिन्न देशको सरकारले स्वास्थ्य क्षेत्रमा र कोरोना महामारीको चपेटामा परेकाछन् । वर्ग र क्षेत्रमा विशेष कार्यक्रमको प्याकेजहरू घोषणा गरेका छन् । तर नेपाल सरकार सामान्य कार्यक्रमबाटै काम चलाउने देखिन्छ । कोरोना महामारीको एउटा सकारात्मक पक्ष के छ भने यसले साम्राज्यवादी तथा पुँजीवादी विश्वलाई हाँक दियो-तेरो निजीकरण र उदारीकरणले के गऱ्यो ! आज अमेरिका र युरोप आफै थलिएका छन् । तिनीहरू आफै अर्काको मुख ताक्ने भएका छन् र भारतको पनि त्यही अवस्था छ । यस अवस्थामा उनीहरूको अरुलाई आर्थिक, व्यापारीक दवाव दिने हैसियत कमजोर हुनु स्वभाविक हो । यस्तो अवस्थालाई उपयोग गर्दै उत्पादनको क्षेत्रमा विशेष कार्यक्रम ल्याउनु पर्ने हो, तर यो सरकार अगुल्टोले हानेको कुकुर.. भएर बसेको छ ।

*५) संघीयता विरोधीः*

ओली सरकारको चरित्र ब्राह्मणवादी फासिष्ट छ । यो संघीयता विरोधी छ र जनजाति, दलित, मधेसी, महिला आन्दोलन विरोधी छ । सरकारको यो बर्षको नीति तथा कार्यक्रममा पनि देखिन्छ । प्रदेश र स्थानीय निकायको कार्यक्रम पनि केन्द्रबाटै संचालन गर्ने नीति तथा कार्यक्रम छ । स्वास्थमा स्थानीय र अञ्चलको कुरो ल्याएको छ जवकि अञ्चलको प्रावधान संविधानमा नै राखिएको छैन ।

*६) राजनीतिक भ्रष्टाचार*

नेपालको मुख्य समस्या राजनीतिक भ्रष्टचार हो । त्यसलाई रोक्ने सञ्जाल दह्रो बनाएको छैन । संसदको कोष यथावत राखेर भ्रष्टाचारलाई संस्थागत गरिएको छ ।

*७) नेपालको नक्सा सार्वजनिक गर्ने*

दुःखको कुरो नेपालले आजसम्म आफ्नो देशको नक्सा बनाएको छैन, भारतले बनाइ दिएको नक्सानै प्रयोग गर्दै आएको छ । भारतले नेपालको सुदुर पश्चिम-उत्तरको दार्चुला जिल्लाको कालापानी-लिपुलेक हुँदै तिब्बतको मानसरोवरसम्म पुग्ने बाटो बनाएको घोषणा(उद्घाटन) गरेपछि, त्यसको नेपाली जनताले विरोध गर्न थालेकोले उक्त भूमिसहितको नेपालको नक्सा सार्वजनिक गर्ने कुरो नीति तथा कार्यक्रममा परेको छ । यो कुरो राम्रो हो तर कहिलेसम्म भन्ने किटानी छैन । अहिलेसम्मको सरकारको गतिविधि हेर्दा यो पनि “मेलम्चीको पानी” त हुने हैन भन्ने शंका छ ।

*८) दीर्घकालीन कार्यक्रमको लर्को*

कोरोना महामारीबाट पार पाउन गरिनु पर्ने तत्कालीन र दीर्घकालीन स्वस्थ्य सेवा, स्वास्थ्यको संरचना जस्ता कुरा हुनु पर्नेमा अन्य दीर्घकालीन योजनाहरू पस्किएर सरकारको आगामि बर्षको लक्ष नै अलमलमा पर्न गएको देखिन्छ ।

*९) परम्परावादी नीति तथा कार्यक्रम*

कृषिक्रान्ति नगरिने र दलाली अर्थतंत्रमा टिकीरहने परम्परागत ढंगको यो नीति तथा कार्यक्रम हो । पुँजीवादी संसदीय ढाँचाको सरकारबाट गरिने नीति तथा कार्यक्रम स्वभाविकरूपमा यथास्थितिवादी र पराधिनमुखी हुन्छ र रहेको छ । त्यसमाथिपनि ब्राह्मणवादी फासिष्ट ओली सरकारको नीति तथा कार्यक्रम नेपाली जनताको चाहना अनुरूप हुने कुरै भएन बरु विदेशी एकाधिकारवादी पुँजीको चाहाना अनुरूप छ ।

*२०७७/०२/०३*

# राष्ट्रघातीहरूको मुख्यालयमा बम बर्साऊ


● खेम थपलिया ●

**राष्ट्रियता गतिशील र विकासशील अवधारणा हो । नेपालको राष्ट्रिय स्वाधीनता इस्ट इन्डिया कम्पनीसँगको युद्ध र सम्झौतादेखि निरन्तर क्षयीकृत हुँदै आइरहेको छ। कुनै बेला नेपालमा राणा शासन ‘बेलायती चौकीदारी’ को भूमिकामा थियो भने वर्तमानमा राजनीतिक दलहरू ‘भारतीय चौकीदारी’ को भूमिकाका रूपमा क्रियाशील छन् । सुगौली सन्धि यौद्धिक दबाब र शासकहरूको दास मानसिकताको उपज थियो**

कम्युनिस्ट सरकार ! दलाल कम्युनिस्ट सरकार ! राष्ट्रघाती कम्युनिस्ट सरकार ! सामाजिक फासिवादी कम्युनिस्ट सरकार ! दुनियाँ हँसाउने भ्रष्ट कम्युनिस्ट सरकार ! अब कोही रुनुपर्दैन, कोही खान नपाएर मर्नुपर्दैन भनेर गुड्डी हाँक्ने दुईतिहाइको गफाडी कम्युनिस्ट सरकार ! आफ्नो भूमिमाथि भारतले राजमार्ग बनाएर उद्धाटनसम्म गर्दा यो सरकार थाहा नपाएको स्वाङ पार्छ । लकडाउनका कारण जनता घरमै थुनिएको बेला सरकार राष्ट्रघाती परियोजना एमसीसी पास गराउने प्रपञ्चमा लागेको छ । यो सरकार यति, ओम्नी, बालुवाटार, वाईडबडी, अध्यादेशलगायत सयौँ काण्ड मच्चाइरहेछ । यो सरकार क्रान्तिकारी पार्टीलाई प्रतिबन्ध लगाउँछ। यो सरकार देशभक्त क्रान्तिकारीहरूको हत्या गर्न उद्यत भइरहेछ । यो सरकार जेल-हिरासतमा हजारौँ आस्थाका बन्दी भरिरहेछ । ओली सरकार राष्ट्रघाती र जनघातीहरूको मुख्यालय हो भन्ने कुरामा अब कुनै शङ्का रहेन ।

नेपालका कम्युनिस्टहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि कठोर सङ्घर्ष गर्दै आएका छन् । नेपाली वर्गसङ्घर्षको सबैभन्दा अग्रगामी प्रक्रिया जनयुद्धको पूर्वसन्ध्यामा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई जनतन्त्र, जनजीविका र राष्ट्रियतासम्बन्धी चालिस सूत्रीय माग डा. बाबुराम भट्टराईले संयुक्त जनमोर्चाको तर्फबाट प्रस्तुत गरेका थिए । तिनमध्ये राष्ट्रियतासम्बन्धी मात्र नौवटा मागहरू थिए । विडम्बना, उनै भट्टराईले आफू प्रधानमन्त्री भएको बेला भारतीय साम्राज्यवादसित घातक बिप्पा सम्झौता गरे । नेपालका नेताहरू सत्तामा रहँदा एउटा र सत्ताबाहिर रहँदा अर्को रूप धारण गर्छन् भन्ने यो एउटा दृष्टान्त हो ।

नेपालमा राष्ट्रिय स्वाधीनताको आन्दोलन चर्कंदै गएपछि भारतीय सेना प्रमुखले नेपालले कसैको इशारामा लिपुलेकको मुद्दा उचालेको आरोप लगाएका छन् । उनले भारतले लिपुलेकमा मानसरोवर जानको लागि खनेको बाटो भारतीय भूमिमा नै खनेको दाबीसमेत गरेका छन् । भारतले नेपाली भूमिमाथि निर्माण गरेको मानसरोवर राजमार्गको रक्षामन्त्री राजनाथद्वारा उद्धाटन भएपछि नेपालमा राष्ट्रिय स्वाधीनताका पक्षधरहरूले विभिन्न तवरबाट सशक्त प्रतिरोध र प्रतिवाद गरिरहेका छन् । यसैबिच प्रधानमन्त्री केपी ओलीले भारतले मिचेको नेपाली भूमि फिर्ता गरेपछि मात्र नयाँ नक्सा जारी गरिने बताएका छन् । लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपाली भू-भाग भएको तथ्य ऐतिहासिक दस्तावेज र प्रमाण हुँदाहुँदै अन्तर्राष्ट्रिय कानुनविपरीत अतिक्रमण गरी बनाएको मानसरोवर राजमार्ग भारतलाई नै भाडामा दिने प्रधानमन्त्री ओलीको देशद्रोही अभिव्यक्ति अत्यन्त आपत्तिजनक, खेदजनक र निन्दनीय छ । यहीबिचमा नेपालको सम्पूर्ण भू-भाग समेटिएको नक्सा सार्वजनिक गर्न वर्तमान संविधान वाधक रहेको भन्ने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पनि अभिव्यक्ति दिए । भूमिव्यवस्था मन्त्री पद्मा अर्यालको त के कुरा गर्नू !

कोरोना महामारीबाट जनताको रक्षार्थ लागू गरिएको लकडाउनको अवस्थामै भारतीय सामज्यवादले नेपाली भूमिमाथि ‘मानसरोवर राजमार्ग’ बनाउनु, रक्षामन्त्री राजनाथले त्यसको उद्धाटनसम्म गर्नु एवम् त्यसलाई भारतीय प्रधानमन्त्री मोदीले आफ्नो सपना पूरा भएको अभिव्यक्ति दिनुले भारतको हददर्जाको हेपाहा, मिचाहा र पेलाहा प्रवृत्तिलाई नै छर्लङ्ग पारेको छ । यतिखेर जनताले प्रश्न गरिरहेका छन्- तत्कालीन नेपाल सरकार र तिनका प्रधानमन्त्री, रक्षामन्त्री र परराष्ट्रमन्त्रीहरू आजसम्म किन मौन रहे ? भारतीय साम्राज्यवादले आफ्नो विकिपिडियाको अङ्ग्रेजी संस्करणमा कालापानी टेरिटोरी आफ्नो भएको भन्दै निकै अघिदेखि अन्तर्राष्ट्रियकरण गरिसकेको छ । यस्तो संवेदनशील विषयमा नेपाल सरकार र विशेषतः नेपालको परराष्ट्र मन्त्रालय पुरै बेखबर छ । भारतीय साम्राज्यवादको पछिल्लो अतिक्रमणले नेपाली सत्तासीनहरूका राष्ट्रघाती अनुहार पनि अझै छर्लङ्ग बनाइदिएको छ ।

सुगौली सन्धिले नेपाली भूमि मात्र खुम्च्याएको थिएन, नेपाल र नेपालीहरूको वीररस धारालाई नै अन्त गरिदिएको थियो, जसले नेपालको कला-साहित्यको क्षेत्रमा पनि सोहीअनुरूप गम्भीर असर पुऱ्यायो । नेपालमा राष्ट्रघातीहरूको मुख्यालय नै खडा गरियो । महाकाली बेच्ने ओलीको भित्री उद्देश्य भारतीय साम्राज्यवादको चाकरी गरेर आफ्नो कुर्सी जोगाउनु हो । मातृभूमिको रक्षार्थ राष्ट्रियताको पक्षमा सडकमा उत्रिएका युवा-विद्याथीलगायत प्रवुद्ध व्यक्तित्वहरूलाई सरकारले अन्धाधुन्ध र अपमानजनक रूपमा पक्रिरहेको छ । भारतीय साम्राज्यवादले नेपालको चौबीस जिल्लाका छदर्जन बढी स्थानमा सिमाना मिचेको छ भने साठी हजार बढी हेक्टर जमिन अतिक्रमण गरेको छ । भारतले राष्ट्रघातीहरूको आडमा नेपालीहरूको जमिन लुटेको छ, जीवन लुटेको छ ।

नेपालमा विभिन्न पक्षले राष्ट्रियतालाई आफ्नो एजेन्डा बनाउँदै आएका छन् । नेपालमा अन्धराष्ट्रवाद र राष्ट्रिय आत्मसमर्पणवाद देख्न पाइन्छ । नेपालको अन्धराष्ट्रवाद दरबारबाट दीक्षित राष्ट्रवाद हो । यसको मूल विशेषता जनतन्त्रको गला रेट्नु हो । मूलतः संसदीय दलाल पुँजीवादद्वारा दीक्षित राष्ट्रिय आत्मसमर्पणवादको विशेषता भने राष्ट्रियताको कुरा उचालेर राष्ट्रियतालाई नै सिध्याउनु हो । कहिलेकाहीँ अन्धराष्ट्रवाद र राष्ट्रिय आत्मसपर्मणवाद एकापसमा मिलेर राष्ट्रियताको गला रेटिरहेका हुन्छन् । दृष्टान्ततः सुगौली सन्धि, गोर्खा भर्ती, दिल्ली सम्झौता हुँदै बिप्पा सम्झौता, अपर कर्णालीलगायत सन्धि-सम्झौता काफी छन् । नेपालको राष्ट्रियताका दुई समस्या छन् : पहिलो, बाह्य राष्ट्रियताको समस्या । यो भारतीयलगायत साम्राज्यवादको हस्तक्षेप हो । यो बृटिस साम्राज्यवादको उत्तरदान हो । अहिले भारतले नेपालसम्बन्धी मूलतः सिक्किमीकरण, भुटानीकरण र फिजीकरणको तीन तरिका अवलम्बन गरिरहेको छ । दोस्रो, आन्तरिक राष्ट्रियताको समस्या । यो उत्पीडित जाति र क्षेत्रलाई राष्ट्रिय मूलप्रवाहबाट शताब्दिऔँ पाखा पारिँदा निर्मित आर्थिक, सांस्कृतिक एवम् सामाजिक मनोविज्ञान हो ।

नेपालको राष्ट्रियता सङ्क्रमणकालीन सम्झौताबाट कमजोर बन्दै आएको छ । सन् १८१६ को सुगौली सन्धि ब्रिटिसहरूसँगको युद्ध, विजय-पराजय र साम्राज्यवादी दबावपश्चातको सम्झौताको उपज थियो । यसले नेपाल बृटिस साम्राज्यवादको भाडाका सैनिक उत्पादन गर्ने मुलुकमा बदलिदियो । राणाहरूले बृटिस साम्राज्यवादको दलालीका भरमा जहानियाँ शासनको भरथेग गरे । भारतीय स्वतन्त्रता सङ्ग्रामको विजयपश्चात् नेपालको जहानियाँ राणाशासनका विरुद्धको काङ्ग्रेस नेतृत्वको प्रजातान्त्रिक आन्दोलन पनि दिल्लीबाटै प्रभावित रह्यो । २००७ सालको आन्दोलन राणा, राजा र दिल्लीको सम्झौताबाट टुङ्गियो, जुन विन्दुबाट बृटिस साम्राज्यवादको नेपालमाथिको औपनिवेशिक प्रभुत्व दिल्लीको स्वामित्वमा हस्तान्तरित भयो । नेपाललाई भारतीय प्रान्त ठान्ने, नेपालको राष्ट्रिय भाषा हिन्दी बनाउने, नेपालमा हिन्दी शैक्षिक पाठ्यक्रम पढाउने, नेपालको सेनाको भारतीयकरण गर्ने, नेपाली-चीन सिमानामा भारतीय सेना सुरक्षार्थ तैनाथ गर्ने र अन्ततः नेपालको स्वतन्त्र राष्ट्रिय अस्तित्वलाई नेहरू डक्ट्रिनमार्फत समाप्त गर्ने कार्य नै भारतको नेपालसम्बन्धी विभेदपूर्ण दृष्टिकोण रहिआएको छ ।

नेपालभित्र उत्पीडित जाति, क्षेत्र र वर्गका समस्याको पहिचान, परिचालन र समाधानको उपाय पनि नेपाली समाजबाट विकसित विचार, नेतृत्व र सङ्घर्षबाट हुने विषय हो । नेपालको प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको खाका दिल्लीमा निर्मित हुने र दक्षिणपन्थी राष्ट्रिय आत्मसमर्पणवादी *बाँकी ७ पेजमा*

# जुलुस निकालेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला दहन











आयोजनामा गरिएको थियो ।

भारतले नेपालको भूमि लिम्पीयाधुरा, कालापानी र लिपुलेक सिमामा विगतदेखि अतिक्रमण गर्दै आएको हुँदा त्यसका विरुद्धमा क्रान्तिकारी माओवादी कालिकोटले विरोध जनाएको जिल्ला सेक्रेटरी कर्ण बिसीले बताउनु भयो । उहाँले नेपालको भूमिमा सडक निर्माण गरी भारतले नेपालको भूमि हडप्न खोजेकोप्रति क्रान्तिकारी माओवादी त्यसका विरुद्धमा डटेर लड्ने बताउनु भयो । उहाँले नेपालको भूमि भारतले विगतदेखि विभिन्न बहानामा मिचिरहँदा पनि अहिलेको वर्तमान सरकार कानमा तेल हालेर बसेको बताउनु भयो । उहाँले नेपाली भूमिमा भारतले सडक निर्माण गरि उदघाटन गर्दासमेत नेपाल सरकारका प्रधानमन्त्री ओलीले थाहा भएन भन्नुले के स्पष्ट पार्दछ भने अहिलेको बर्तमान सरकार नेपालीका हितका लागि नभएर विदेशिको इशारामा चलेको बताउनु भयो । उहाँले नेपाली सीमावाट भारतीय सुरक्षाकर्मी नहटेमा क्रान्तीकारी माओवादी कडा रूपमा उत्रिने उहाँको भनाई छ ।

साथै कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारले लकडाउनको घोषणा गरे पनि जिल्लाको सान्नि त्रिवेणी गाउँपालिकामा लकडाउनको पालना नभएको क्रान्तिकारी माओवादी कालिकोटले जनाएको छ । जिल्लाको सान्नि त्रिवेणी गाउँपालिकाले लकडाउनलाई पुर्ण रूपमा पालना नगरेको बताइएको छ । गाउँपालिकाका विकासका कामहरू धमाधम सञ्चालन भएको विभिन्न ठाउँमा मानिसको जमघट हुने गरेको स्थानीयले बताएका छन् । साथै लकडाउनको समयमा जाड रक्सी खाएर होहल्ला गर्ने गरेको समेत क्रान्तिकारी माओवादीले जनाएको छ । साथै लकडाउनको समयमा जुवातास खेल्नेको संख्या पनि बढेको र यसका विरुद्धमा क्रान्तिकारी माओवादी प्रतिरोध गर्ने जिल्ला सेक्रेटरी कर्ण बिसीले बताउनु भयो । उहाँले, गाउँपालिकाले सामाजिक विकृति र विसंगतिलाई नियन्त्रण गर्न नसकेमा आफुले नियन्त्रण गर्ने उहाँले बताउनु भयो ।

कालिकोट जिल्ला सेक्रेटरी कर्णबहादुर बिसीद्वारा उक्त मशाल जुलुसलाई कोणसभामा सम्बोधन गरि समापन गरियो । कोणसभामा भनिएको थियो- 'खासमा लकडाउनको पालना नगरिदा क्रेम, तास, भलिबलजस्ता स्पोर्टहरू गाउँमा सञ्चालन हुदैगर्दा रक्सी सेवन गरी बिचार अभिव्यक्तिमाथि हमला गर्नेजस्ता समाजमा बिबिध प्रकारका गलत प्रबृत्तिको विकास नगरी दिन सचेत र सजक रहन कोभिड-१९को कारणले देशमा भैरहेको महामारीको उपचारार्थ गरिएको लकडाउनको पूर्णरूपमा पालना गरिदिन हुन सम्पूर्ण सर्वसाधारणमा नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला कमिटी कालिकोट हार्दिक अपिल गर्दछ ।' अन्त्यमा भारतीय बिस्तारवाद- मूर्दावाद र दलाल संसदीय व्यवस्था- खारेज गर भन्नेजस्ता नारा लगाइएका थिए ।

## बर्दिया...

गिरफ्तार गरेको छ ।

दशदलीय संयुक्त मोर्चामा आवद्ध पार्टीका प्रतिनिधिहरूले बर्र्दीयाको गुलेरियामा आजै संयुक्त प्रेश वक्तव्य प्रकाशित गरी त्यसपछि मोदीको पुत्ला जलाउने कार्यक्रम सफलतापूर्वक सम्पनन गरेर विरोध सभालाई सम्वोधन गर्ने क्रममा नेकपा (क्रान्तिकारी माओवादी)का नेता भुपेन्द्र न्योपाने लगायत दशदलीय मोर्चाका ८ जना नेताहरूलाई दलाल केपी ओली सरकारले गिरफ्तार गरेकोछ । गिरफतार हुनेहरूमा नेकपा (क्रान्तिकारी माओवादी)का नेता भुपेन्द्र न्योपाने, दिलबहादुर कठायत, कमल रोकाया, हविद खाँ र राजमोका प्रकाश ढकाल, माओवादी केन्द्रका लोकराज जैशी, चुनुराम थारु तथा मालेका नेता तीर्थबहादुर चन्द छन् ।

दशदलीय संयुक्त मोर्चामा आवद्ध पार्टीका प्रतिनिधिहरूले बर्र्दीयाको गुलेरियामा आजै संयुक्त प्रेश वक्तव्य प्रकाशित गरेका थिए, जसको पूर्णपाठ तल दिइएकोछ :

संयुक्त प्रेश वक्तव्य

विश्वव्यापीरूपमा फैलिएको नोवल कोरोना भाइरस(कोभिड १९) को महामारी तथा रोकथाममा विश्व समुदाय जुटीरहेको अवस्थामा भारतीय पक्षबाट नेपालको दार्चुला जिल्लाको गुञ्जीक्षेत्रसँग जोडिएको लिपुलेक क्षेत्रमाथि ठाडो हस्तक्षेप तथा सडक सञ्चालन गरिएको घटनाप्रति हामी तपशीलका राजनीतिक दलहरूको गम्भीर ध्यानआकर्षण भएकोछ ।

भारतीय सरकारले आफ्नो सडक निर्माण योजना अन्तरगत दार्चुला जिल्लामाा पर्ने गुञ्जीक्षेत्रदेखि कालापानी हुँदै नागीघ्याङसम्मको झण्डै २२ किमि भूभागमा मानसरोवर जोडने गरी सडक सञ्चालन गरिनु मुलुकको सार्वभौमिकतामाथिको गम्भीर आक्रमण प्रष्ट भएको देखिन्छ । यसप्रकारको भारतीय नीतिको हामी कडा शव्दमा विरोध तथा भर्त्सना गर्दछौ ।

नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतको सम्पूर्ण अतिक्रमित भूभाग फीर्ताको लागि वार्ता एवं कुटनीतिक पहलद्धारा समाधान खोज्न जोडदार माग गर्दछौ । भारतीय शासकवर्गको यसप्रकारको कदमको विरोध तथा राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरू वारे खवरदारीपूर्ण आवाज उठाउन सम्पूर्ण देशभक्त जनसमुदायमा हार्दीक आव्हानसमेत गर्दछौं । अभिवादन सहीत !! धन्यवाद

२०७७ जेठ १ गते

**सहभागी दल तथा प्रतिनिधिहरूको नाम**

*१. नेकपा(मसाल) रुद्रपुरी*
*२. नेकपा(क्रान्तिकारी माओवादी) विपिन रोकाया*
*३. नेकपा(माओवादी केन्द्र) दुर्गा खत्री*
*४. राष्ट्रिय जनमोर्चा युवराज ढकाल*
*५. देशभक्त जनगणतान्कि मोर्चा नेपाल हविव खाँ*
*६. नेकपा(माले) तीर्थबहादुर चन्द*

## नेपालमा...

महिलाको मृत्यु भएको छ । बिहीबार धुलिखेल अस्पतालमा मृत्यु भएकी २ ९ वर्षीया ती महिला ९ दिनकी सुत्केरी थिइन । श्वासप्रश्वासमा समस्या देखिएर धुलिखेल अस्पताल ल्याइएकी उनको अस्पतालकै गेटमै आइपुग्दा मृत्यु भैसकेको अस्पतालका एक चिकित्सकले बताए । श्वास प्रश्वासका कारण उनको मृत्यु भएपछि हामीले उनको थ्रोट स्वाब बिहीबार नै लिएका थियौं । धुलिखेल अस्पतालकै ल्याबमा जाँच गर्दा आज (शनिबार) उनको रिपोर्टमा कोरोना पोजेटिभ देखियो,' उनले भने, 'नेपालमा पहिलो केस भएको हुँदा थप पुष्टीका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला पठाएका हौं ।' विज्ञहरूकाअनुसार एउटा पिसिआर मेसिनमा पोजेटिभ आइसकेको त्यही नमुना अर्को पिसिआरमा मेसिन नेगेटिभ आउने सम्भावना हुँदैन ।

सिन्धुपाल्चोकको बाह्रबिसेकी ती महिला ९ दिनअघि त्रिवि शिक्षण अस्पतालमा सुत्केरी भएकी थिइन । समय अगावै सुत्केरी भएकी उनको बच्चा सामान्य तौलभन्दा केही कम भएतापनि नर्मल डेलिभरी भएका कारण अस्पतालले उनलाई डिस्चार्ज गरिदिएको थियो । डिस्चार्जपछि दुई दिन काठमाडौंमै बसेर बाह्रबिसे फर्किएकी उनलाई गत बुधबार श्वास प्रश्वासमा समस्या देखिएपछि बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रमा लगिएको थियो । स्वास्थ्य समस्यामा सुधार नभएपछि बिहीबार उनलाई पुनः एम्बुलेन्समा राखेर शिक्षण अस्पताल ल्याउने क्रममा बाटैंमा स्वास्थ्य अवस्था जटिल बन्दैं गएपछि धुलिखेल अस्पताल लगिएको थियो । पहिलो केस आएपछि त्यसलाई कसरी बाहिर ल्याउने भन्ने विषयमा मन्त्रालयमा छलफलमा भैरहेको मन्त्रालयका एक अधिकारी बताए । धुलिखेल अस्पतालका प्रवक्ता डा. सुमनराज ताम्राकारले आफूहरूले ती महिलाको रिपोर्ट काठमाडौं पठाएको र त्यसको बारेमा आधिकारिक जानकारी मन्त्रालयले गर्ने नियमित प्रेस ब्रिफिङमा आउने बताए ।

जेष्ठ ४ गते आइतबार बिहान बाँकेको नरैनापुर क्वारेन्टाइनमा रहेका २४ वर्षिय युवाको मृत्यु भएको थियो ।उनको स्वाब परीक्षणमा कोरोना पुष्टि भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले बताए । नरैनापुरको दीपेन्द्र मावि भोजभगवानपुरको क्वारेन्टाइनमा बसेका युवकको आइतार बिहान पौने ७ बजेतिर मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठले जानकारी बताए ।

नरैनापुर ५ नयाँ बस्तीका ती युवक वैशाख ३० गते भारतबाट आएपछि क्वारेन्टाइनमा बसेका थिए । ति युवकलाई राती तीन बजेतिर वान्ता भएको थियो । उनलाई अस्पताल लैजान स्थानीयले एम्बुलेन्सलाई खबर गरे पनि पीपीई नभएका कारण चालकले नेपालगञ्ज लैजान नमानेको स्थानीयले जानकारी दिएका छन । उनको शनिबार मात्रै स्वाब संकलन गरी कोरोनाको लागि पीसीआर परीक्षण गर्न लगिएको थियो ।

## शान्तिपूर्ण...

छ । हाम्रो पार्टी यसको घोर विरोध तथा भर्त्सना गर्दछ र साथै गिरफ्तार नेता कार्यकर्ताहरूलाई अविलम्ब रिहाई गर्न पनि जोडदार माग गर्दछ ।

*सीपी गजुरेल*
*अध्यक्ष*
*देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल*
*२०७७ बैशाख ३१*

## चौतर्फी...

केपी ओली नेतृत्वको सरकारको प्रहरी प्रशासनले हस्तक्षेप गरेर नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेको थियो।

माइतीघर मण्डलामा गरिएको प्रदर्शनमा हस्तक्षेप गरी पार्टीका चार जना पीवीएम, आठ जना केन्द्रीय सदस्य र जबस मोर्चाका नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो । करिब पाँच दर्जन नेता कार्यकर्तालाई गिरफ्तार गरिएपछि पार्टीले वक्तव्य जारी गरी ओली सरकारको यो कदमको कडा शब्दमा विरोध एवम् भर्त्सना गरेको थियो । पार्टी महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गरेर ओली सरकारले भारतीय विस्तारवादप्रति भक्तिभाव देखाएको भन्दै गिरफ्तार नेता कार्यकर्तालाई अविलम्ब रिहाईको माग गरिएको थियो ।

भृकुटीमण्डपस्थित महेन्द्र पुलिस क्लवमा राखिएका गिरफ्तार नेता कार्यकर्ताहरूले भारतीय विस्तारवाद




र नेपालको दलाल ओली सरकारका विरुद्ध हिरासतभित्रै चर्को नाराबाजी समेत गरेका थिए ।

गिरफ्तार पर्नेहरूमा पार्टीका पीविएम सीताराम तामाङ, पवनमान श्रेष्ठ, नगेन्द्र राई र सुरेश श्रेष्ठ, केन्द्रीय सदस्य तथा नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, पार्टी केस तथा ट्रेड युनियन महासङ्घका अध्यक्ष ईश्वर तिमिल्सिना, पार्टी केस तथा महासंघका महासचिव वसन्त वोगटी, पार्टी केस तथा अनेरास्ववीयु (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, पार्टी केस तथा क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, पार्टी केस तथा अनेमसंघ (क्रान्तिकारी) की महासचिव महासचिव शारदा महत, पार्टी केस गोविन्द पौडेल, कुमार बोगटी रहेका थिए ।

त्यसैगरी गिरफ्तार पर्ने अन्य नेता कार्यकर्ताहरूमा पार्टीका काठमाडौं सेक्रेटरी खगेन्द्र छन्त्याल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौंका अध्यक्ष बन्धुदेव पाण्डे, मोर्चाकी ललितपुर अध्यक्ष इन्दिरा अधिकारी, अखिल (क्रान्तिकारी)का पूर्व उपाध्यक्ष विष्णु नेम्वाङ, महासचिव पेशल दाहाल, विद्यार्थी नेताहरू संघर्ष दाहाल, हिक्मत महरा, महिला नेतृ रूपा गेलाल, नेवाः मोर्चाका नेताहरू गोर्की श्रेष्ठ, शिव श्रेष्ठ, मजदुर नेताहरू नरेन्द्र कार्की, दिनेश बर्तौला, बालकुमार सुनुवार, बालकृष्ण सिटौला, दिनेश थापा, निरन तुलाधर, शेखर आचार्य, ध्रुव क्षेत्री, कपिल पुन, मंगल तामङ, पवन गुरुङ, भुवन थापा, यज्ञ बहादुर थापा, सरोज लामा लगायत रहेका थिए ।

# अब मेची–महाकाली हैन, ग्रेटर नेपाल !




● **रामबहादुर बुढा 'राजन'**

सन् १९६२ मा चिन र भारत सरकारको लडाईमा युध्द हारेर फर्कीएको भारतीय हरूवा सेना लिपुलेक, लिम्पीयाधुरा र कालापानी क्षेत्रमा अस्थाई क्याम्प बनाएर बस्न दिएकै भरमा भारतले नेपाली भूमि दावि गर्नुले 'औंलो दिंदा कुईनो निल्न खोज्ने' आफ्नो दुश्चरित्र प्रदर्शन गरेको छ । भारतले आफुजस्तै अर्को सार्वभौमसत्ता सम्पन्न राष्ट्रको कदर गर्नुपर्छ भन्ने अन्तराष्ट्रिय मान्यताको वर्खिलाप गरेको छ । भारतले नेपाली सार्वभौमसत्ताको भौगोलिक अखण्डता माथि ठाडो हस्तक्षेप गर्नाले एउटा उसको इमान्दार र वफादार छिमेकी गुमाएको छ । लिपुलेक, लिम्पीयाधुरा र कालापानीको ३८१ वर्ग किलोमिटर भुभाग आफ्नो राजनीतिक नक्सामा राख्नुले सुगौली सन्धी उलङ्घन गरिएको छ । यति मात्र नभई भारतीय सीमा सुरक्षा बल बि.एस.एफ.ले नेपालका विभिन्न ७१ वटा स्थानहरूमा जंगीपिलर सार्ने, तारहरू फाली करिव ७१ हजार वर्गकिलोमिटर भूमि अतिक्रमण गरेको तथ्यहरू सार्वजनीक भएका छन् । यति मात्र नभएर सीमा क्षेत्रमा बसोबास गर्ने नेपालीहरू माथि दुरब्यवहार गर्ने घिनौना कार्यहरू समेत गरेको सामाचारहरू प्रकाशमा आएका छन् । यी सबै घटनाहरूले भारत र नेपाल विचको कुनै पनि सन्धी सम्झौताहरूको औचित्य समाप्त भएको छ । यस हिसावले नेपालको पूर्व टिस्टा देखि पश्चिम किल्ला काँगडा सम्मको भू-भाग नेपालले पाउनु पर्ने हुन्छ । सार्वभौम न्यायको सिद्धान्तका आधारमा नेपालले आफ्नो भु-भाग प्राप्त गर्न पाउनु नेपालको नैसर्गीक अधिकार हो । यदि दुईटाको विचमा कुरा मिलेन भने तेश्रो जिम्मेवार व्यक्ति वा निकायमा जानु पर्ने हुन्छ र त्यो जिम्मेवार निकायबाट दुईटाको वास्तविक अधिकार निश्चित गर्ने कानुनी प्रचलनका आधारमा नेपालले अव क्रमिक रूपले संयुक्त राष्ट्रसंघ हुँदै अन्तर्राष्ट्रिय अदालत सम्मको यात्रा पुरा गरेर आफ्नो ग्रेटर नेपाल प्राप्त गर्नु पर्ने कुरा विशेष महत्वको विषय बनेको छ ।

वि.सं.२०११ सालमा नेपालको पहिलो प्रधानमन्त्री मातृका प्रसाद कोईरालाको सरकारसँग भारत सरकारले नेपालको कोशीको पानी लिएर विहार क्षेत्रमा कृषि उद्योगहरू चलाउन सिंचाईको लागि संझौता गरेर बाँध लगाएर भारतमा लिएको इतिहाँस छ । उक्त सम्झौतामा भारतले कोशी क्षेत्रमा बाँध लगाउँदा डुवानमा पर्ने जमीनको मोहब्जा दिने कुरा सम्झौता गरेको थियो । उक्त संझौताको ६५ वर्ष वितिसक्दा पनि त्यहाँका जनताह?ले जमीनको मोहब्जा नपाएको स्थीति छ । हिउँदमा सवै पानी भारत लिएर त्यहाँका किसानह?को जमिनमा पानीको हाहाकार मच्चीएको छ भने वर्षायाममा ब्यारेल बन्द गरेर डुवानमा परि बर्षेनी लाखौं धन जनको क्षेति हुने गरेको छ । यसै गरि वि.सं. २०१६ सालमा मातृका प्रसाद कोईरालाको सरकारले गण्डकी सम्झौता गरेको थियो । त्यहाँको हालपनि त्यत्तिकै का?णीक विडाबाट ग्रस्त छ । वि.सं. २०५२ सालमा गिरीजाप्रसाद कोईरालाको सरकारमा मेची-महाकाली सम्झौताका विषयमा कुरा उठ्यो । त्यो कोशी र गण्डकीको ऐतिहाँसिक घटनाक्रमको पिडादाई अवस्था औंल्याउँदै तत्कालीन प्रतिपक्ष दल एमालेका महासचिव मदन भण्डारीले मेची-महाकाली संझौता राष्ट्रघाति छ, भन्दै असहमति जाहेर गर्नु भएको थियो । त्यसबेला विभिन्न दलका आन्दोलनका धेरै रूपहरू देखा परे, गिरीजा सरकारले आन्दोलनलाई ठाडो हस्तक्षेप गरेर दवाईरहेको अवस्था थियो । त्यही अवस्थामा एमाले नेता महानायक मदन भण्डारीलाई दासढुङ्गामा हत्या गरियो । तत् पश्चात मेची-महाकाली सम्झौता पनि भयो । त्यतिखेर एमाले समर्थक युवासँघले सडक आन्दोलन गऱ्यो । एकिकृत माक्सवाद लेलिनवाद जिन्दावाद ! युवासंघ जिन्दावाद ! भारतीय विस्तारवाद मुर्दावाद ! माधव नेपाल लेण्डुप हो, लण्डुपेलाई फासी दे ! खड्क वली लेण्डुपे हो, लेण्डुपेलाई फाँसी दे ! भन्दै नारावाजी गरि सडक ततायको इतिहाँस ताजै छ । आज महाकाली नदीको किनारमा बस्ने हजारौं हजार जनताको घरवास र जिउधन नदिको कटानले विनास गरिरहेकै छ ।

जतिबेला नेपाल विसम परिस्थिति सृजना हुने गर्छ । त्यतिबेला भारतले नेपालमा केही न केही लुट्ने गरेको छ । वि.सं. २०५२ सालदेखि चलेको लामो १० बर्षे जनयुध्द र वि.सं. २०६२-०६३ को आन्दोलनबाट देश घायल भएको बेला बाबुराम भट्टराई सरकारको माध्यमबाट भारतले विप्पा,पि.पि.ए., पि.डी.ए. जस्तो ठुलै नेपाली राष्ट्रहित विपरित प्रस्ताव ल्याएर संषदको वहुमतबाट पारित गर्ने राष्ट्रभाती कार्य गरको कुरा गहन अध्ययनको विषय बनेको छ। अपर कर्णाली, अरुण तेश्रो, मस्याङ्दी, सेती लगायत दर्जनौं नदीहरूमा भारतीय अन्तर्राष्ट्रिय कम्पनी जि.एम.आर. र सतलजको माध्यमबाट कौडीको भाउमा लिने दुष्ट भावनाको पर्दाफाँस गरेको छ । संसारकै सस्तो विद्युत परियोजना "अपर कर्णाली जलविद्युत परियोजना"मा जि.एम.आर. कम्पनीलाई नेपाल सरकारले नियमित कर छुट गरी जस्तो संसारमै नभएको राष्ट्रघात प्रदर्शन गरेको छ । उक्त परियोजनाबाट निकालियको विद्युत १२ प्रतिशतमात्र नेपालको मुख्या प्रसारणलाईमा जोडेर ८८ प्रतिशत विद्युत सिधै ग्रेटलाईन जडान गरेर कोहलपुर हुँदै भारत पुऱ्याउने योजना रहेको छ । उक्त परियोजनाबाट निक्लने विद्युतको प्रतियुनिट मुल्य रु.२ मात्र हुन आउने भएको अनुमान गरिएको छ । ताकी नेपाल सरकारले त्यही विद्युत भारतबाट खरिद गर्दा पिक आवरको रु.११ रूपैयाँ प्रति युनिट र अन्य समयमा रु ९ प्रतियुनिटका दरले खरिद गरिरहेको छ । यसरी हरेक कुरामा असमान सहमतिमा फसाउने सरकारमा आफ्ना एड्भोकेटरहरूको लुकिछिपी भर्ति गर्ने जस्ता कार्य निरन्तर ?पमा भारतले गरिरहेकै छ । भारतले भारतको अज्ञात स्थानमा ३ वटा प्लान्ट राखेर सुरुङ मार्ग तयार गरेर मुस्ताङको रेडियम चोर्ने सम्म तयारी गरेको कुरा सुन्नमा आएको छ । यता रोटीबेटीको संवन्धलाई देखाएर बसोदैवकुटुम्बकम गरिरहेको र अर्कोतिर यसरी विभिन्न तरिकाबाट सामनाम दण्ड भेद लगाएर नेपाली राष्ट्रियता माथि निरन्तर नाङ्गो हस्तक्षेप गर्ने कुराले 'मुखले राम राम बगलीमा छुरा' भन्ने उखानलाई प्रमाणित गरेको छ । यी सबै भारतीय कर्तुतका विषयमा नेपाल सरकारले एउटा स्वेत पत्र जारी गर्न पनि अति आवश्यक देखिन्छ ।

यसै समयमा अर्को समुद्र पारीको नेपालको मित्र राष्ट्र अमेरीकाले हिन्द प्रसान्त रणनिती अन्तरगत एमसीसी (मिलिनियम च्यालेन्ज कर्पोरेशन) राख्ने खतरनाख प्रस्ताव आफ्ना दुतहरू मार्फत संषदमा ल्याएको छ । नेपालको टोलरेन्स पावर धेरै भएको भूमि प्रयोग गरेर आणविक परिक्षण गरि संसारका सामु आफ्नो शक्ति प्रदर्शन गर्ने अभिष्ट पुरा गर्नका लागि यस्तो प्रस्ताव ल्यायको कुरा घाम जत्तिकै छर्लङ्ग छ । नेपाललाई आणविक भट्टि बनाउने उद्देश्यले र केही प्राकृतिक साधन श्रोत दोहोन गर्ने लक्ष्य लिएर मुस्ताङ्ग, पाल्पा र चितवनमा अमेरीकी सेनाको ब्यारेक राख्ने कुरा संझौतामा उल्लेख गरिएको छ। ५५ अरब अमेरीकी डलरको लोभ देखाएर नेपाली संषदमा अमेरीकी एड्भोकेटरहरूले बहस चलाएको कुरा सामाचार माध्यमहरूले पकाशन र प्रसारण गरिरहेका छन् । त्यो ५५ अरब रूपैयाँ भनेको अमेरीकी सेनाको ३ वटा पल्टनमा रहेका ५००० सेनाको खाना र हातहतियार परिक्षणमा पनि पुग्दैन । अमेरीका द्वारा विभिन्न समयमा नेपालमा रहेका पौराणिक एनिटीक्सको निकासी पैठारी गर्ने क्रममा दवीदेवताका मुर्तिहरू, बेद जस्ता पुराना लिपिमा रहेका धर्म ग्रन्थहरू बेलायत र अमेरीकाका विभिन्न स्थानहरूमा पुगिसकेको तथ्य सार्वजनिक भईसकेका छन् । प्रत्येक वर्ष पर्यटनको निहुमा नेपालका विभिन्न क्षेत्रमा प्रवेश गरेर त्यहाँका प्राकृतिक खानीहरू तथा वहुमुल्य धातुहरूको खोज अनुसन्धान गर्ने कार्य जारी नै रहेको छ । गोप्य रूपमा त्यस्ता सामानहरूको खरिदका लागि अवैधानिक गृहोहरू तयार गर्ने गरेको कुरा प्रकाशमा आईरहेका छन् ।

उत्तरमा रहेको अर्को मित्र चिनले पनि हुम्लाको भान्द्रे खोलामा १ हेक्टर, कर्णाली नदिमा ४ हेक्टर, रसुवाको सन्जेन खोलमा २ हेक्टर, भुर्जङ खोलामा १ हेक्टर, लेम्द्रे खोलामा १ हेक्टर, जम्बु खोलामा ३ हेक्टर, सिन्धुपाल्चोकको खराने खोलामा ७ हेक्टर, भोटेकोशीमा ४ हेक्टर, सम्जुङ खोलामा ३ हेक्टर, काम खोलामा २ हेक्टर, संखुयासभाको अ?ण नदिमा ४ हेक्टर लगायत विभिन्न स्थानमा गरि ३६ हेक्टर जमिन मिचेको कुरा गोगल तथा अन्य सामाजिक संजाल र संचार माध्यमह?बाट प्रकाशीत भएका छन् । यति मात्र नभई हाल भारतसँग नेपाली भूमि लिपुलेकको विवाद चलिरहेको बेला वि.सं २०६५ सालमा भारतसँग नेपाली विवादीत भूमि भन्ने जानकारी हुँदा हुँदै ब्यापारीक नाका खोल्ने संझौता गरेर नेपाल माथि कुठाराघात गरेको छ । कति विषयह?मा चिनले मौन रहेर पनि भारतलाई सर्पोट गरिरहेका घटनाहरू अध्ययनका विषय हुन ।

यसरी 'ओरालो लागेको मृगलाई बाच्छाले पनि खेदाउँछ' भन्ने कुरा उपर्युक्त तथ्यह?ले प्रमाणित गरिदिएका छन् । राजनीतिमा कोही मित्र र दुश्मन नहुने कुरा पनि सिद्द भएको छ । त्यसैले आन्तरिक राष्ट्रवाद मजबुत नभए सम्म देश स्वाधिन नहुने कुरा यस्ता ऐतिहाँसिक तथ्यले प्रमाणित गरिदिएका छन् । नेपालले ऐतिहाँसिक घटना क्रमबाट सिकेर अर्काको मुख ताक्नु भन्दा आन्तरिक सुधार गर्न, यस्ता विदेशी एड्भोकेटरहरूको सुक्ष्म अध्ययन गरि देश निकाला गर्न । घरेलु प्रतिक्रियावादको नामेट पार्नका लागि नयाँ शिराबाट नयाँ कार्यनितिक योजना नबनाए सम्म केही पनि हुनेवाला छैन ! प्रत्येक वर्ष बाली लगाउनुहोस अनि बाँदरलाई हुन्छ केही मतलव रहने छैन । यहाँ सबै दलहरूमा हामी राष्ट्रवादी, हामी राष्ट्रवादी भन्ने लल्कार चलिरहेको देखिन्छ । त्ससरी मपाई गर्नु भन्दा आफ्ना ऐतिहाँसिक कमिकमजोरी हेरेर नेपाली आमाको पाउँमा शिर राखेर आत्माआलोचित हुन जरुरी छ । आम सर्वहारा सर्वसाधारण जनसमुदायका सामु गएर माफि माग्न जरुरी छ । आफुले सदियौं देखि गरेका राष्ट्र र जनता प्रतिको अत्याचारको प्रायश्चीत गरे हुन्छ । स्वदेश लुटेर विदेशी बैंकहरूमा जम्मा गरेको अकुत सम्पत्ती राष्ट्रिय हितका लागि जनताको शैक्षिक विकासमा लगायो भने यो देशले मुहार फेर्न त्यति गाह्रो नहोला । किनकी हामीले हामीजस्ता युध्दले ग्रस्त भएका यस्ता राष्ट्रह?को परिवर्तन भएका देखेका छौं तपाईहरूले हेर्नुभयो भने मलेशीयाको विकास भएको धेरै समय भएको छैन । जहाँ गोर्खालीहरू मलाया लाहुरे बनेर जाने गर्थे आज मलेशीयाको साक्षरता दर सत प्रतिशत पुगेको छ । ति विर गोर्खालीहरू आज कुल्ली मजदुरी गर्न मरी मरी मलेसीया छिरेर गल्लीहरू, ट्वाईलेटहरू र त्यहाँका भाँडावर्तन माझ्न काम गरेको कुरा सर्वविदित छ । त्यहाँको सरकारले स्वच बदल्यो कार्यनिति बदल्यो शिक्षा क्षेत्रमा रिजर्भेसन चलायो, अलग युनिभर्सिटी खोल्यो र पिधमा भएका जनसमुदायको शैक्षिक विकास गर्यो । त्यसै गरि क्यूवामा फिडेल क्यास्ट्रो सत्तामा पुग्दा त्यहाँको साक्षरता दर खाली १० प्रतिशतमात्र थियो । हाल त्यहाँको साक्षरता दर सत प्रतिशतले बृद्दि भएको छ । उद्योगधन्दा कलकारखाना कृषि पशुपालन जस्ता कुराहरूको तिब्र विकास भएको छ । हाल गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य सबै निशुल्क रहेको छ । प्रति ५ जनाको विचमा एक जना डाक्टर रहेको सम्पन्न देश बनेको छ ।

नेपाल नीतिगत हिसावले त सार्वभौम, स्वतन्त्र, स्वाधिन मात्र हैन संघिय लोकतान्त्रीक गणतान्त्रीक कम्युनिष्ट ब्यवस्थामा प्रवेश गरिसकेको छ । तर ब्यवहारीक हिसावले भने त्यो मनुवाद भन्दा माथि नउठेको अवस्था देखिन्छ । यहाँको सामाजिक अवस्था अध्ययन गरियो भने गाउँमा अझ, जातिवाद, छुवाछुत, स्वसन दमनका घटनाहरू प्रशस्त देख्न पाईन्छ । हालै फेसबुकमा तपाईहरू देख्न सक्नु हुन्छ कालिकोटकी एकजना दलित महिलालाई पानीको धारा छोएको भन्दै कालोमोसो दलेर जुत्ताका माला लगाएर निर्लज्ज ढंगले कुटपिट गरिएको भिडियो । यसरी मनुवादी सिद्वान्तका घोतकहरूले समाजलाई पश्चगामी बरबरताको दिशातिर धकेलीरहेका दर्दनाक दृश्यहरू प्रसस्त देख्न पाईन्छ । यस्ता गैर कानूनी क्रियाकलापहरू सामाचार माध्यमले प्रकाशन प्रशारण गर्दा पनि सरकार मुखदर्शक भएर बसीरहेको हुन्छ। कतिपय सचेत वर्गसमुदायहरूमा मुखले राम्रै कुरा गरे पनि ब्यवहारमा अलग गरेको देखिन्छ, भनेर वा नभनेर वडी ल्याङ्गवेजबाट गरिने विभिन्न खालका विभेदको दलदलबाट अलिकति पनि माथि समाज उठेको छैन । यहाँ अत्याधुनिक माक्सवाद, लेलिनवाद, माओवादका कुराहरू गरेको चारैतिर सुन्न पाईन्छ । सवै सामाचार माध्यमह?मा पढ्न पाईन्छ । जनवाद, समाजवाद र साम्यवादको परिकल्पना गरेको पनि पाईन्छ । यो सबै सम्भव गर्नका लागि उसको वर्गश्रोतको पहिचान गरि त्यही चेतना स्तरबाट माक्सवादी वैज्ञानिक साहीत्य सौन्दर्य लागु गर्न जरुरी देखिन्छ । आज वामपन्थी अवसरवाद, दक्षिणपन्थि संशोधनवादको बोलवाला रहेको छ । त्यसले यो समाजको हल हैन दुधमा नुनखुर्सानी मिट मसला हालेर पकाय जस्तै गरि समाज विग्रेर गयको छ । उनीहरू कितावमा रातदिन माक्सवाद पढ्छन् आफ्नो दैनिकीमा माक्सवादका कुरा लेखेको पाईन्छ, भाषणमा मालेमा वादको सुन्दर भावना सुनाउँछन् । तर कार्यनितिक हिशावले उहि निम्न पुजीपति र नोक्रसाही वित्तिय चिन्तन भन्दा माथि उठेको देखिदैन । कुन नेताले विद्रोह गर्छ र लुटेर अकुत निजि पुँजी कमाउने भनेर बसेका कम्युनिष्ट नमुनाहरू आजभोली हरेक गाउँगाउँमा र बस्ती बस्तीमा देख्न पाईन्छ । एन.जी.ओ., आइ.एन.जि.ओ.ले फोकटमा गाउँबस्तीमा पैसा बाँडेर गाउँले विगारे जस्तै गरि १० वर्षे जनयुध्दले कम्युनिष्टहरूको चरित्रमा पनि विगारी दिएको कुरा प्रमाणित भएको छ ।

पछिल्लो चरणमा लोकतान्त्रीक संविधान अपदस्त गरिसके पछि नोट अफ डिसेन्ट लेखेर संविधान निर्माण प्रकृयाबाट वाहिरीएको तत्कालिन नेपाल कम्युनिष्ट पार्टी – माओवादीका अध्यक्ष मोहन वैद्य किरणले कम्युनिष्ट ध्रुवीकरण, नव सामान्तवादको उदय र नव कम्युनिष्टहरूको उदयको वैज्ञानीक विश्लेशन गर्दै जनयुध्दको जगमा जनविद्रोहको कार्यदिशा जारी गर्दा झण्डै ८० प्रतिशत कम्युनिष्टह? पार्टीमा संगठित रहेको देखिन्थ्यो । उहाँले यो पनि भन्नु भएको थियो कि यो संख्या गुणात्मक हैन अझै यो संख्या वामपन्थी अवसरवाद, दक्षिणपन्थी संशोधनवा र मध्यपन्थी ढुलमुलवादको उडान तय गर्ने क्रममा सिमित हुँदै जानेछ । दक्षिण पन्थी संशोधनवादी र वामपन्थी अवसरवादी नक्कली कम्युनिष्टहरूले छद्म अवसरवादको निति अन्तर्गत वर्गसमन्वयवाद र सारसंग्रहवादको महामारी चलाएर त्यो नेकपा–माओवादीलाई सिमित गरिदिएको सुदृढ रूप नै आजको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) हो । यहाँ संघर्षबाट लाल र सिद्धान्तबाट निपुन ब्यक्तित्वह?को जमघट देखिन्छ । जसलाई आजको दलालह?को सरकारले स्वीकार गर्न नसकेर चारैतिर नाकाबन्दी लगाएको छ । यहाँ भित्र जनयुध्दमा जनताबाट पाएको श्रोतसाधन प्रयोग गरेर नेता कार्यकर्ता तस्करी चलाई रहेको देखिन्छ । कमरेड लेनिनले भन्नु भएको छ, "सयपटक नाप १ पटक काट" जनता यीनीह?को काम ब्यवहार नापी रहेका छन् । यो यीनीह?को जस्तो नाङ्गो नाच देखाउँदै हिड्ने चौपाटी हैन । यो त जनताको जनादेश पुरा गर्ने प्रतिवद्धता सहितको सच्चा कम्युनिष्टह?को गौरवशाली पार्टी हो । जनताले यिनीहरूलाई एक दिन जनताको आफ्नो निर्णय सुनाएर देश निकाला गर्ने छन् । यो कम्युनिष्टको नाउँमा दलाली, जनघात, राष्ट्रघात गरेर राष्ट्रियता, जनतन्त्र, जनजिवीलाई आफ्भेल पार्दै नेपाल आमाको छातिमाथि दुरब्यवहार गर्न छुट मिल्ने छैन । सबै खालका घरेलु समस्याहरूको समाधान हुनेछ, देशका दुश्मनहरूलाई सजाय हुनेछ, अन्तराष्ट्रिय दलाल र एडभोकेटरहरूलाई देश निकाला गरिने छ । नेपाली आमालाई नेपाली जनताले ग्रेटर र सर्वाङ्ग बनाउने छन् । अब मेची महाकालीवाला सानो नेपाल हैन पूर्व टिष्टा देखि पश्चिम महाकाली सम्मको ग्रेटर नेपाल हुन्छ । *जाजरकोट*

# कथा

# राजनीतिमा लरायन

● इस्माली

अन्ततोगत्वा लरायन पनि राजनीतिमा आउने नै भयो, नआई धरै पाएन। समाज, आफन्त,इष्टमित्र, साथीभाइ, यारदोस्त, छोराछोरी, स्वास्नीससुराली, मातामावली सबैले एकोहोरोभन्याभन्यै गरे,हजुर पनि राजनीतिमा आउनुपर्यो। कलुवाको शानसौकत हेर्नूस् त ," कलुवाको.मोजमस्ती सबैले देखेकै थिए। दिल्ली र हङ्कङ् त उसका लागि अचेल पानीपँधेरो बनेको थियो।हाच्छ्युँ आए दिल्ली, रुघा लागे हङ्कङ्। आमाबुबाले पनि भन्नुभयो, 'कस्ताकस्ता नपत्याउँदाले त.राजनीति हाँक्या छन् भने तँ त किन खुट्टा कमाउँछस् .'ह'न त

उसले खुट्टा कमाएको त थिएन। उसलाई के मात्रै लागेको थियो भने राजनीतिमा ऊजस्ताको.उपस्थिति हाँसको बथानमा बकुल्लोजस्तो हुन्छ। कलुवा गयो भन्दैमा उसले पनि त्यही बाटोमा.हिँड्नुपर्छ भन्ने थिएन। राजनीतिका आफ्ना सीमा र मर्यादा छन्, आदर्श छन् र ती सब कुरो धान्न सक्ने उसको हैसियत पुग्दैन। उसका लागि त ऊ जहाँ जे गरिरहे'छ,त्यही ठीक छ। कमाइ त.राम्रै हुन्थ्यो तर इज्जत थिएन। बस्, त्यति हो।

तर, धान्न सक्दिन भन्दाभन्दै पनि नआई धरै पाएन उसले। नेताजीले भन्नुभयो, "तिम्रो कमान.तिमी आफैँ सम्हाल। यसपालि तिमीलाई टिकटका लागि कोसिस गर्छु। तिमीले पार्टीको धेरै सेवा.गर्यौ। आजको पाँचौँ दिनका दिन आमसभा छ। त्यही आमसभामा तिमीलाई पार्टीमा प्रवेश.गराउँछु। त्यो आमसभाको कार्यक्रम जसरी पनि सफल पार्नुपर्छ। यो जिम्मा तिम्रो। पोस्टरपर्चा,प्रचारप्रसार, माइकिङ्, आवतजावतका लागि बसट्रकको व्यवस्था, र्यालीका लागि मोटरसाइकल र.जिपको बन्दोबस्त, कार्यकर्ताका लागि बसोबास र खानापिना, केन्द्रबाट आउने र बाहिरी जिल्लाबाट.आउनेलाई बाटोखर्च यी सबको ठेगान जिल्ला सचिवसँग गरीहाल।".

"हजुर, अहिले त हात खालिछ।" "म अरू केही जान्दिनँ। अवसर सधैँ आइरहँदैन। विचार गर।"

उसले धेरै विचार गर्यो, देख्नभन्नका लागि आमसभा हो तर नेताजीको आमसभा निकै महँगो.हुन्छ। एउटा आमसभाका लागि कम्तीमा १० हजार हात्ती चाहिन्छ। उसले दोस्तयारसँग पनि.सल्लाह गर्यो, टक्लु, बब्लु, नक्सा, चस्मा, दोरपदी सबैजसोले त्यतै लाग्ने सल्लाह दिए। किन होकुन्नि, दोरपदी त निकै उत्साहित देखिएकी थिई। टक्लु पनि उत्साहित नै देखियो। भन्यो, "यार ,तिमी राजनीतिमा उत्रियौ भने हामीलाई पनि सजिलो हुन्छ। नेताजीबाट पिण्ड छुटिहाल्छ, हफ्ताको.झन्झटै खलाँस। केही झमेला पर्यो भने डाइरेक्ट तिमीसँग कन्ट्याक्ट गर्छौं।"

"हँ भाइ, हँ," बब्लु, नक्सा र चस्माले पनि उत्साहित हुँदै भनेथे। चस्माले त अझ टिप्स पनि थप्यो, राजनीति त तिमी यहाँ पनि गरिरहेकै छौ। मिहिनेत मजुरी हाम्रो, बन्दरबाँट तिम्रो। नेताजी पनित त्यही न गर्छन्।" र, लरायन त्यही आमसभामा प्रकट भएर पार्टीमा प्रवेश गर्यो। केन्द्रबाट आएका नेताजीले उसलाई.पार्टीमा स्वागत गर्दै टीकामाला लगाइदिए। थरीथरीका मालाहरूले उसको अनुहार यसरी छोपिदियोकि सभामा आएका मान्छेहरूले उसको अनुहार पनि राम्ररी हेर्न पाएनन्। उसलाई पनि एउटा बेग्लैकिसिमको रोमाञ्चक अनुभूति भइरहेको थियो। अहिलेसम्म दुनियाँको नजरमा नपरेको र.अन्धकारमा पौडी खेलिरहेको लरायन आजदेखि पार्टीको मान्छे भयो, त्यो पनि लरतरो होइन, ठूलोपार्टीको वरिष्ठ मान्छे ! राजधानीबाट हेलिकप्टर चढेर आएका नेताजीले उसलाई २५ रुपियाँको.सदस्यता रसिद प्रदान गरेर पार्टीको वरिष्ठ सदस्य बनाइदिनु भएको थियो। र, लरायनले अँध्यारो.भूमिगत संसारबाट चमकदमकपूर्ण दुनियाँमा प्रवेश पाएको थियो। पहिले तुरुन्तै त पत्रकारहरूको.क्यामराको झल्याकझिलिकले हो कि केले हो, उसको आँखा तिर्मिरतिर्मिर भयो तर मञ्चमा.बस्दाबस्दै अभ्यस्त भयो र उज्यालो देख्न थाल्यो। त्यही सभामा नेताजीले भन्नुभयो, "यसपालिकोचुनावमा यो क्षेत्रको नेता यही हो। यो जिल्लै यसैको जिम्मामा दिएँ मैले। पार्टीले यहाँ प्रगति गरेको.मैले छिट्टै नै सुन्न पाउनुपर्छ।"

अहिलेसम्म उसको नागरिकता थिएन। एकदुईचोटि नागरिकता बनाउने विचार नगरेको होइन तर.नेताजीले 'तिमीलाई अहिले किन चाहियो ?' भनी जहिले पनि पन्छाइदिनुहुन्थ्यो। यसपालि उहाँलेनै बनाउन लगाइदिनु भयो। नागरिकता हातमा परेपछि उसलाई थाहा भयो, ऊ त लरायन होइन,राजनारायण अधिकारी पो रहेछ। यो गुह्यबोधसँगै उसले आफूभित्र नवीनतम ऊर्जा सञ्चार भएझैँ.मान्यो। हिजोसम्म ऊ लरायन थियो। अब आजदेखि राजनारायण अधिकारी भयो। पहिले ऊ.सत्ताका लागि वान्टेड थियो, सत्ता उसका लागि वर्गशत्रु थियो। अहिले सत्ता उसका लागि.आकर्षणको विषय बनेको छ, ऊ सत्ताको वर्गमित्र बन्दै गयो।

चुनावको प्रचारप्रसार जोडतोडका साथ चलिरहेको थियो। मतका लागि आग्रहअनुरोध, ललाइफकाई,धम्कीधुर्की, गुन्डागर्दी र त्रासविस्तार, मत खरिदीका लागि मरमोलाई, झगडाफसाद, अपहरण र.बेपत्ताआदि यावत् तरिकाहरू ऊ अपनाइरहेकै थियो। चुनावका क्रममा मानिसहरूले उसउपर.थरीथरीका बात लगाएको उसले प्रत्यक्षपरोक्ष सुनेको पनि थियो। कसैले ज्यानमारा भने, कसैले.डाँका भने। कसैले बलात्कारी र दुराचारी पनि भने। लुटाहा र जंगली भन्न पनि बाँकी राखेनन्।अनपढ, गँवार पनि भने, तस्कर भन्न पनि बाँकी राखेनन्। तर, पार्टीलाई चन्दा दिएको देखेनन्,मन्दिर र धर्मशाला बनाएको सम्झेनन्। शोषक पनि भने, सामन्त पनि भने तर पार्टीमा.नेताहरूलाई भनसुन गरेर मान्छेहरूलाई जागिर लगाइदिएको गुन सम्झेनन्। पुलिस प्रशासनलाई.हप्ता दिएको देखेनन्, पुलिसप्रशासनले सास्ती दिएको सम्झेनन्। कसैले विदेशी दलाल पनि भने.तर राष्ट्रसेवा गरेको देखेनन्। धतुरोको बोटमा कतै गुलाफ फुल्छ भनी झन् खिसीट्युरी गरे। सबैआरोपको एउटै जवाफ हुन्थ्यो ऊसँग,"मेरो उम्मेदवारी कमजोरलाई शक्तिवान् बनाउनका लागि.हो।" तर पनि बात लगाउन छोडेनन्, मानिसहरूले। यी सब आरोप सुन्दासुन्दा उसका कान.पाकिसकेका थिए, जित्ने आशा उसले मारिसकेको थियो। व्यर्थै राजनीतिमा आएँ भन्दै लघुताबोध.गरिरहेको थियो तर पनि प्रतिवाद गर्न पछि पर्दैनथ्यो। भन्थ्यो, दूधले नुहाएको चोखो को छ ?गाछीवालाहरूले पिलेन अपहरण गरेकै हो, ढुकुटी लुटेकै हो, सर्खारलाई घरघिरि बम हानेकै हो।धरमपरसाद ढकाललाई कसले मार्यो ? देश बनाउनेले ? नक्खुमा सुरुङ खनेर भाग्नेहरू अपराधीहोइनन्, महाकाली सन्धि राष्ट्रप्रेम हो ? हजारौँका जग्गाजमिन हड्पेर बस्नेहरू राष्ट्रवादी हुन् ?लुटेको सम्पत्ति माटोमा गाडेर लुकाएर राखेका छन्, किन गरबि जनतालाई बाँड्दैनन् त.क्रान्तिकारीहरू ? क्रान्तिकारी साथीहरू सस्तो गाडी नचढेर किन प्राडोमा सैर गर्छन् त ?...यस्तैयस्तै प्रतिवादहरूको पहाड थियो ऊसँग पनि।

देख्दादेख्दै राजनारायण अधिकारीले अत्यधिक बहुमतले चुनाव जित्यो। पार्टीले यतिञ्जेलसम्म.जित्न नसकेको क्षेत्रको चुनाव उसले जित्यो। आफ्नो क्षेत्र मात्रै होइन, जिल्लाको छमध्ये पाँच क्षेत्रमा.उसले पार्टीलाई जिताइदियो। र, उसले जिल्लाजितकै उपाधि पायो। नेताजी पनि गदगद हुनुभयो।खासमा नेताजीले नजितिने क्षेत्र ठानेरै उसलाई त्यहाँको टिकट दिनुभएको थियो। तर,'अगुल्टोले.हानेको कुकुर टाँडमा' भनेझैँ उसले नै चुनाव जितिदियो। यसरी जितिएला भन्ने उसले चिताएकै.थिएन। भूमिगतबाट बहिर्गत हुन पाउनु, सत्तासँग तेलकासा खेल्ने पार्टीको वरिष्ठ सदस्य हुनपाउनु नै उसका लागि ठूलो कुरो थियो। सांसदको चुनावमा विजयी भएको भन्ने निर्वाचन आयोगले.दिएको प्रमाणपत्रमा सिसाजडित सुनौलो फ्रेम लगाएर कोठामा झुन्ड्याएपछि ऊ एकपटक फेरि.भावविह्वल भयो। उसको अन्तरमनले भन्यो,"लरायन, अब तँ सांसद भइस्, राजनीतिक नेता.भइस्। अब त देश, समाज र जनताप्रति तेरो केही जिम्मेवारी हुन्छ नि !" "हँ ! त्यो त हुन्छ होला।नेताजीले के भन्नुहुन्छ ?" उसले फ्रेमको सिसामा देखिएको नारायणलाई भन्यो।

"नेताजीले जे भने पनि तँसँग पनि दुई थान आँखा, दुई थान कान, एक थान नाक, एक थान जिब्रो,२० वर्गफुटको एक थान छाला र सबभन्दा महत्त्वपूर्ण त एक थान दिमाग छ। यी सब चीज त.बन्धकी राख्या छैनस् नि कतै। त्यसैले आफू पनि सोच्नेविचार्ने र बोल्ने गर्," सिसामा टल्केको.राजनारायणले भन्यो। त्यसैबेला श्रीमती सुलेखा छिरी कोठामा, विजयी सांसदको आरती उतार्न।हातमा पूजाको थाली थियो। थालीमा पूजासामान र मिठाई थियो। सुलेखा गोरी छे तर छे.अँध्यारी। दोरपदी काली छे तर छे हँसमुख र उज्याली, छिनैमा सारा थकान रफुचक्कर पारिदिन्छे।तर, आज सुलेखा पनि पूणिर्माको चन्द्रमाझैँ उज्याली देखिएकी थिई। पाँच दिनदेखि सदरमुकामको.होटलमा द्रौपदीको बासी र रेडिमेड अनुहारबाट वाक्कदिक्क भएको ऊ सुलेखालाई यो रूपमा देखेर.प्रसन्न भयो र भन्यो, "सुलेखा, अब तिमी सांसदनी भयौ।" बत्तीसै दन्त देखाउँदै सुलेखा आरती.उतारिरही र मुख मीठो पार्रिदई। उसलाई सँगै लगेर ससुरासासू र मान्यजनहरूलाई मिठाई बाँड्न.लगाई। बडो संस्कारी छे सुलेखा। यो कर्मबोधले ऊ पुनः प्रसन्न र पुलकित भयो।

राजधानी पुगेपछि केही समय त डेराडन्डाको समस्या समाधानमा लागिहाल्यो। पहिले आवतजावतगर्ने गरेको अड्डाहरूमा पनि खुसीयालीको कलाकन्द र बलशाही मिठाई बाँड्यो। 'कुनै काम पर्योभने भन्नू' भन्दै आश्वासन पनि दियो। सब गद्गद् भए। तिनीहरूले नै सुविधासम्पन्न घरमा.घरडेरा पनि खोजिदिए।

संसद् सचिवालयको काम पनि भ्यायो उसले। त्यही सिलसिलामा विभिन्न जिल्लाका सांसदहरूसँग.उसको भेट भयो। चिनजान भयो। सम्पर्क बढ्यो। यस क्रममा चियापानीको होटल रेस्टुराँदेखि.डान्सबारसम्मको यात्रा तय गर्यो उसले। डान्सबारमा बसेकै बेलामा एक दिन उसले सांसदसाथीलाई सोध्यो, "नेताजी ! तपाईं किन सांसद हुनुभयो ?"

"तपाईं किन हुनुभा नि ? भन्नूस् न पैला !" अर्कोले प्रतिप्रश्न गर्रिदयो। "के सोध्या होला योमान्छेले ? राजनीतिमा किन लाग्या ? यही सांसद र मन्त्री हुनका लागि होइन ?" सामुन्नेको सिटमा.बसेको सांसदले भन्यो। "पहिले के के खाने हो भनौँ न, माननीयज्यू !" मेनु हेर्दै गरेको सांसदले.आग्रह गर्यो। ऊ खानेकुराको नाम टिपाउँदै थियो, ड्रम स्टिक, चिकनचिल्ली, साँधेको पिनट्स,फ्रेन्च फ्राई अनि एन्टिक्विटी। सेकुवाचाहिँ ल्याइहाल छिट्टै ।"

"सांसद त भइयो भाइ तर यो त बडो अपजसी पद रै'छ। पहिलापहिलाका सांसदहरूले दुर्गन्धैपारिसक्या रै'छन्। कोही सुत्केरीको औषधी खाने भनी छेड हान्छन् त कोही राजस्व मारेर प्राडो चढ्नेभन्छन्। कोही बैठकै नबसी भत्ता खाने भन्छन् त कोही एयरपोर्ट नभएको ठाउँको प्लेन चढ्नेभन्छन्। कोही किर्ते सहायकहरू खडा गरेर तलबभत्ता हसुर्ने भन्छन्। कोही रातो पासपोर्ट बेच्नेभन्छन्। भन्न पनि के के सकेका त !" अर्कोले गुनासो पोख्यो।

'नखाएर के गर्ने त ? जिल्लाभरकिा मान्छे पाल्नुपर्यो। हूलका हूल आउँछन् मान्छे पनि। कसैलाईजागिर चाहियो, कसैलाई सरुवा। कसैलाई ठेक्का, कसैलाई छात्रवृत्ति त कसैको मेडिकलमा नामनिकाल्नुपर्यो। कोही विकासका लागि रकम निकासा गराइदे भन्छन् त कोही के ! कोठा सधैँधर्मशालाजस्तो बनेको छ। सांसदलाई मान्छेहरू कोठा दिन त गाह्रो मान्दा र'छन् ह्याँ ! दिए पनिसर्खारले दिएको डेराभाडाले समेत नपुग्ने गरेर भाडा कस्छन्। हामी नि कमन्डलु बोक्नका लागि तराजनीतिमा लागेका होइनौँ नि !' भन्दै सेकुवा चपाउन थाल्यो। बेयराचाहिँ एन्टिक्विटी बाँड्दैथियो। अगाडि मञ्चमा गीत(बाजा र नाच चलिरहेको थियो। हलका टेबुलहरू लगभग भरभिराउथिए।

"होटलमा सपरविार आउनेहरूको संख्या पनि राम्रै हुँदोरहेछ," अघि गुनासो गर्ने सांसदले भन्यो।"चियर्स !" गर्दै उनीहरू आफ्नो सत्कर्ममा व्यस्त देखिए। व्यस्तताबीच अल्पभाषीले गम्भीर मुद्रामाभन्यो,"जनताले यसपालिको निर्वाचनमा स्पष्ट बहुमत त कुनै पार्टीलाई पनि दिएनन्। मिलीजुलीहिँड र बाँडीचुँडी खाऊ भनी जनादेश पो दिए त ! सहकारी नीति अवलम्बन गराउने विचार रहेछजनताको।"

'हामीजस्ता स्वतन्त्रहरूका लागि त बहुत उत्तम अवसर हो यो' भन्दै उसले सिँगो पेग एकै घुट्कोमा.रित्याइदियो। साथीहरू धुत भइरहेथे पिएर। ऊ धुत भएर पिउँदैन कहिल्यै पनि। त्यसैले.नाचगानतिर केन्द्रित पार्यो आफूलाई। नाच्नेको अनुहारमा कान्ति छैन। बरा मलिन अनुहार छ.उसको। दोरपदीको जस्तो मोहक छैन। दोरपदी जे गर्छे, प्रेमले गर्छे। अचेल बब्लुहरूसँग होली।राजधानी आउन मन गरेकी छे। गीतमा झुम्न खोज्छ ऊ।

साथीहरू तलबभत्ताका बारेमा छलफल गर्दै थिए। "हाम्रो त धेरै रकम पार्टीले नै खाइदिन्छ। कतिपो बच्छ र ! तपाईंहरूको जस्तो हैन," विश्वकर्माले गुनासो गर्दै भन्यो। उठ्ने बेलामा.माननीयज्यूहरूको खुट्टा भुइँमा टेकिन मानिरहेको थिएन। "अधिकारीजी ! भोलि त्यतै.सचिवालयतिर भेटौँ न ! केही सरसल्लाह गरौँ।" छुट्टिने बेलामा अल्पभाषी सांसदले ऊसँग खुसुक्क.भन्यो।

सांसदहरूको समूहमा थरीथरीका सांसद थिए तर अल्पभाषी सांसद एकदम बेग्लै खालका थिए। कम.त बोल्थे नै तर ठोस कुरो बोल्थे। भने,"तपाईं अराजनीतिक पृष्ठभूमिबाट आउनु भएको रहेछ। खर्च नि निकै गर्नु भएछ। पार्टीहरूमा दोहन प्रवृत्ति बढदो छ।" उनले रामायण लेख्ने वाल्मीकिको.कथा सुनाए, "मानिसहरू बडो श्रद्धाका साथ वाल्मीकिको नाम लिन्छन्। वाल्मीकि भन्नासाथ.मान्छेका मनमा आदरभाव उत्पन्न हुन्छ। तर, तिनै वाल्मीकि पहिले रत्नाकर भनेर चिनिन्थे,डकैती गर्थे, लुटपाट गरेर मान्छेलाई दुःख दिन्थे। तिनको नाम सुन्नासाथ मान्छे थरर्र काँप्थे।भनेपछि मान्छे खराबबाट असल पनि त बन्न सक्दो रहेछ। यो समाजमा हामी सांसदहरूको छवि.पनि खासै राम्रो छैन। यो कुरोले हामीलाई चिमोट्नुपर्छ। कि कसो ?"

"हो नि ! सबले यस्तो कुरो सोचिदिए कति राम्रो हुन्थ्यो हगि !" प्रकटमा उसले भन्यो तर मनमनै.सशंकित भयो, "यसले मसँग किन यस्तो कुरो गरिरहेछ ? के मेरो पूर्वपृष्ठभूमि यसले थाहापाइसक्यो त ?" "तर, दुःखको कुरो के छ भने यो व्यवस्थाले अहिले वाल्मीकिजस्ता मान्छेलाई.धमाधम रत्नाकर बनाइरहेछ र समाजलाई पतनोन्मुख बाटोमा डोर्याइरहेछ। भन्छन् नि उल्टोगंगा..., बस् त्यस्तै सम्झनूस्। गोदावरीबाट निस्केको कर्मनासा खोलोजस्तो। हाम्रा लागि यो कुरो.सोचनीय बन्नुपर्ने होइन र ?""व्यवस्थाले मान्छेलाई रत्नाकर बनाएको हो कि मान्छेलेव्यवस्थालाई रत्नाकर बनाएका हुन् ?"

'वाह ! कति दमदार कुरो गर्नुभयो तपाईंले। यो कुरो हामीले गम्भीरताका साथ सोच्नुपर्छअधिकारीजी !' भन्दै उनी बिदा भएथे त्यस दिन। यो कुराकानीपछि उसले आफैँलाई सम्झ्यो,ऊपनि त लरायनबाट राजनारायण अधिकारी बनेको *बाँकी ७ पेजमा*

## कविता

# ओ दोर्जे !




● प्रा.डा. जगदीशचन्द्र भण्डारी ●

*म मेरो समर्पण*
*वीरता र त्यागलाई*
*तिम्रो सत्ताको खेलमा*
*च्याँखे थाप्न चाहन्न*
*ओ दोर्जे !*
*म मेरो राष्ट्रलाई*
*अर्को सिक्किम*
*बनाउन चाहन्न*

*उसका बिखालु दाँतलाई*
*तिमी प्रेम(प्रतीक मान*
*अतीतको गौरव गाथालाइ*
*तिमी विदेसीको पोल्टामा फाल*
*तिम्रो अग्लाइ*
*मुसाको कुदाकुद र उफ्राइमा छ*
*ओ दोर्जे !*
*म तिमीसँग उभिन चाहन्न*
*तिम्रो अग्लाइमा अग्लिनचाहन्न*

*म हृदययुक्त मानिस*
*तिमी फोहोरी*
*तिमी राष्ट्रघाती*
*तिमी धोकेबाज*
*मत रातै रङबाट रातिएको*
*लालीगुराँस जस्तै चम्किएको*
*आफ्नै रक्तशालामा खारिएको*
*श्रममस्त मानिस*
*ओ दोर्जे !*
*त्यस्तो मानिस*
*पिठ्युँ फर्काएर*
*युद्धबाट भागेको छ*
*कहिल्यै*
*न कहिल्यै*
*देस बेचेर निदाएको छ*
*तिमी जस्तो*
*कृतघ्न बनेको छ*

*ओ दोर्जे !*
*तिमीलाई देख्दा*
*एक मन हाँसो उठ्छ*
*एक मन तिमीलाई*
*पिच्च थुक्न मन लाग्छ*
*भित्रभित्रै*
*रिसको फोहोरा छुट्छ*

*ओ दोर्जे !*
*तिमी जस्तो*
*दासताको सिक्किम हुन चाहन्न*
*म शिखर उभिन चाहन्छु*
*स्वतन्त्र सार्वभौम उचाइ*
*चुम्न चाहन्छु*
*म मुक्त हुन चाहन्छु*
*ओ दोर्जे !*
*लिपुलेक लिम्पियाधुरामा*
*बैरीलाई परेड खेलाइ*
*आफ्नै नसामा रल्लिदा*
*तिमीलाई धिक्कार्न*
*मन लाग्छ*
*तिम्रो दुनियाँमा*
*आगो फोस्न मन लाग्छ*

## राजनीतिमा...

छ। राजनारायण अधिकारी निर्वाचन आयोगले.दिएको प्रमाणपत्रको सिसाबाट घरघिरि उसको अन्तस्करणमा झुल्किरहन्छ, सचेतक बनेर, कहिले.ह्वीप जारी गर्छ त कहिले आदर्श सूचनाहरू सम्प्रेषण गर्छ। घरघिरि सपनामा भन्छ, अब तँ हिजोको.लरायन होइनस्। हिजो जे थिइस् थिइस्..., अब मौका मिलेको छ उज्यालो संसारमा आफूलाई.चिनाउने। मान्छेले संसारबाट आफ्नो पार्थिव शरीरबाहेक जितेर केही लाँदैन आफूसँग, धनसम्पत्ति,जायजेथा सबथोक छाडेर जान्छ यही धर्तीमा, नाम पनि दुर्नाम पनि, यश पनि अपयश पनि।सुकर्मले नै मानिसलाई मृत्युपछि पनि मान्छेका मनमा जीवित राखिरहन्छ। सहिदहरूलाई हामीकिन सम्झिरहन्छौँ भन् त ? डाँका र कुख्यात हत्यारा अंगुलीमाल आफ्ना सारा कुकर्मको बाटो.परित्याग गरेर सत्मार्गमा लाग्यो। तैँले पनि मौका पाएको छस्। भलै त्यो मौका पाउन तैँले जेजस्तोबाटो तौरतरकि अवलम्बन गरेको भए तापनि अब आफूलाई सत्मार्गमा लगा, सत्कर्ममा लगा।"

उसले कलुवा अर्थात् कलाधरलाई पनि आफ्नो सपना सुनायो। कलुवा अर्कै पार्टीमा भए पनि साथी त.उसकै थियो। चुनावमा उसले सघाएको पनि थियो। उसको कुरा सुनेर कलुवा अट्टहास गर्दै ठूलोखित्का छाड्दै हाँस्यो र भन्यो,"के भन्छन् नि... हजार मुसा खाएर ढाडे हिँड्यो तीर्थ ! किन तिम्रो.मतिभ्रम भइरहेछ लरायन भाइ ?" कलुवाको थाप्लोमा पाँच जनाको हत्याको आरोप थियो। तीनवर्षदेखि ऊ भूमिगत थियो। भूमिगतै भएर उसले चुनाव जितेको थियो। भूमिगतै भएर.शपथ.लियो। संसद्भित्र बहिर्गत र बाहिर भूमिगत। मन्त्री पनि भयो। आफूउपरको मुद्दा खारेज गरायो। अचेल भूमिगत हुनुपर्दैन। तर, सुपारी लिन अहिले पनि छोडेको छैन उसले। अचेल सुपारी लिनु.त्यस्तो जोखिम पनि छैन उसका लागि।

"मतिभ्रम होइन मति सफा भइरहेको भन्न," उसले दृढ हुँदै भन्यो। "नेताजीलाई पनि सुनायौ त ?"कलुवाले सोध्यो। अचानक नारायणको गोजीको मोबाइल बज्यो। उसले मोबाइल हेर्यो। नेताजीको.सेक्रेटरीको रहेछ। अर्जेन्ट फोन पाएर ऊ नेताजीलाई भेट्न हिँडी पनि हाल्यो। नेताजीले भन्नुभयो, "नारायण ! तिमी दुई(चार दिन हङ्कङ्को सैर गरेर आऊ। सात दिनको ट्रिप हो। तीन(चार जना अरूसाथी पनि हुन्छन्। पहिले गा'छौ कि छैनौ ? फिर्ती टिकट पनि बन्दोबस्त भइसक्या छ। अरू बस्नमन लाग्यो भने टिकट एक्सटेन्ड गराउनू।"

"उसको कति ख्याल राख्नुहुन्छ नेताजी !" गद्गद् मनले स्वागत सम्झ्यो। साँझको डिनरमा ऊसाथीहरूको टोलीमा हङ्कङ्को होटलमा थियो। फर्कँदा उसले विमानस्थलमै थाहा पायो, नेताजीले त.अस्तिको चुनावमा बहुमत पाएको पार्टीको सरकार बन्न नदिनका लागि कलुवाको पार्टीको सुपारी.लिनुभएको रहेछ। अल्पभाषी सांसदले फोन गरेको थियो। नेताजीले सोध्नुभयो, "कस्तो रह्यो ट्रिप?" उत्साहित हुँदै उसले भन्यो, "हाम्रो काम अब हजुरले नै गर्न थालेपछि कमसेकम हामीले त छुट्टी.पाउने नै भयौँ। मलाई यही कुराको खुसी छ।"

*(इस्मालीको. कथासंग्रह.श्रीकोखोजीबाट.साभार)*

## राष्ट्रघातीहरुको...

नेतृत्वमार्फत् त्यसलाई नेपालमा लागु गर्ने विकृत परम्परा रहिआएको छ । नेपालका प्रजातान्त्रिक आन्दोलनहरूलाई दिल्लीकरण गर्नु भारतीय साम्राज्यवादको प्राथमिकी-रणनीति हो । नेपालका तमाम आन्दोलन भारतीय राजनीतिक मिसिनरीका अभिन्न अङ्ग बन्न पुग्नुका पछाडिको कारण पनि त्यही हो । भारतले आफ्नो रणनीतिविपरीत नेपालको राष्ट्रिय हितमा सञ्चालित आन्दोलन, सङ्गठन र नेतृत्वमाथि दमन, घुसपैठ र हत्याको रणनीति अवलम्बन गर्दै आएको छ । भीमदत्तको किसान विद्रोहलाई भारतीय सेनाद्वारा दमन गरी उनको हत्या गरेर किसान आन्दोलनलाई नै निमिट्यान्न पार्नु यसको ज्वलन्त उदाहरण हो । तत्कालीन राजा वीरेन्द्रको वंशनास, मदन भण्डारी-जीवराज आश्रितदेखि प्रेमसिंह धामी हुँदै गोविन्द गौतमको हत्या पनि त्यसैको शृङ्खला हुन् ।

नेपालको भू-राजनीति भारतीय र अमेरिकी साम्राज्यवाद तथा चिनियाँ त्रैआयामिक उद्देश्यको रणनीतिक किल्ला हो । भारतको नेपाल नीति नेहरू डक्ट्रिनमा आधारित छ भने अमेरिकी साम्राज्यवाद फ्री तिब्बत आन्दोलन, बहुचीनको आन्दोलनलाई चर्काउन नेपालको सार्वभौमसत्तालाई कुल्चिँदै सैनिक परिचालन गरिरहेको छ । अर्कोतिर चिनियाँ रणनीति भनेको नेपाललाई एक चीनको कुटनीतिमा प्रतिबद्ध बनाइरहनु हो । राष्ट्रियता सामन्तवादको अन्त्य र पुँजीवादी सङ्क्रमणको उपज हो । पुँजीवादको चरम विकाससँगै राष्ट्रियता पुँजीपतिवर्गको भूमण्डलीकृत विश्वबजारको बाधक तत्वमा फेरिएको छ । राष्ट्रिय अर्थतन्त्रको ठाउँमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता वित्तीय साम्राज्यवादको उदारीकरणको अर्थनीतिले लिएको छ । पुँजीवादको साम्राज्यवादमा विकाससँगै अर्थतन्त्रका सङ्कटहरूसँग जुँध्न साम्राज्यवादले संसारभरिका प्राकृतिक स्रोत, सार्वभौमसत्ता सम्पन्न मुलुकको राजनीतिमाथि कब्जा गर्न अन्यायपूर्ण धार्मिक, जातीय एवम् कथित शान्तिको नाममा आणविक युद्ध लादिरहेको छ । यसले तेस्रो विश्वका मुलुकहरूलाई राष्ट्रियता र राष्ट्रवादलाई नयाँ उचाइमा उठाउन अभिप्रेरित गरिरहेको छ । कोरोना महामारीले यसलाई अझ बल पुऱ्याएको छ ।

पुँजीवादले जातिवादलाई प्रश्रय दिन्छ । यो रहेसम्म जातीय अहङ्कारवाद, प्रभुत्वाद र सङ्कीर्णतावाद रहिरहनेछन् । यसले नै जातिलाई राष्ट्र बन्नबाट रोक्छ । त्यसैले, जातिहरूबाट राष्ट्रनिर्माणको प्रश्न कम्युनिस्ट-सर्वहारावर्गीय आन्दोलनको अभिन्न अङ्ग हो । लेनिनको आत्मनिर्णयको अधिकारको उद्देश्य पनि जातिलाई राष्ट्रसँग र राष्ट्रलाई समाजवादसँग जोड्नु थियो । नेपालमा जातीय प्रश्नलाई जातिवादसम्म विस्तारित गर्ने गल्ती कम्युनिस्टहरूबाटै भयो । मार्क्सवाद सार्वभौम विज्ञान हो । मार्क्सवादीहरू अन्तर्राष्ट्रियतावादी हुन्छन् । समाजको भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक एवम् मनोवैज्ञानिक पक्षहरूको एकान्वितिले नै राष्ट्रको निर्माण हुन्छ । राष्ट्रका अन्तरविरोधहरू नै वर्गसङ्घर्षका अभिव्यक्ति हुन् । त्यसलाई राष्ट्रिय र नेतृत्वदायी वर्गका रूपमा कम्युनिस्ट-सर्वहारावर्गलाई विजयी वर्गमा फेर्न आवश्यक छ ।

राष्ट्रियता गतिशील र विकासशील अवधारणा हो । नेपालको राष्ट्रिय स्वाधीनता इस्ट इन्डिया कम्पनीसँगको युद्ध र सम्झौतादेखि निरन्तर क्षयीकृत हुँदै आइरहेको छ । कुनै बेला नेपालमा राणा शासन 'बेलायती चौकीदारी' को भूमिकामा थियो भने वर्तमानमा राजनीतिक दलहरू ' भारतीय चौकीदारी' को भूमिकाका रूपमा क्रियाशील छन् । सुगौली सन्धि यौद्धिक दबाब र शासकहरूको दास मानसिकताको उपज थियो । त्यसयताका राजा, राणा र दिल्लीको त्रिपक्षीय शान्ति तथा मैत्री सन्धि, कोशी, गण्डकी, टनकपुर, महाकाली, बिप्पादेखि अपर-कर्णालीसम्मलाई हेर्दा राष्ट्रिय आत्मसमर्पणवाद र एकाधिकारवादी दासताको योगफलबाहेक अरू केही देखिन्न । हामी राष्ट्रघाती अक्षम्य गल्तीहरूद्वारा शोभित राजनीतिक दल र तिनका नेताहरूद्वारा शासित मुलुकका विवश नागरिक हौँ । हामीलाई स्वाधीन, समृद्ध र सार्वभौम सम्प्रभु राष्ट्र चाहिन्छ । हामीलाई सिक्किमीकरण अस्वीकार्य छ । बृटिस साम्राज्यवादका विरुद्ध महान् युद्ध लडेको नेपालीहरू फेरि एकपटक सार्वभौम नेपालको निर्माणको निर्णायक सङ्घर्ष गर्न आवश्यक छ । नेपाल र नेपाली जनताका लागि सबैभन्दा ठूलो कोरोना दलाल फासिवादी राष्ट्रघातीहरू भएका छन् । त्यसैले, समवेत स्वरमा भनौँ- राष्ट्रघातीहरूको मुख्यालयमा बम बर्साऊ ।

## राष्ट्रिय...

हुनुका पछाडि नेपाली शासकहरू जिम्मेवार रहेका छन् । अतयव अहिले भैरहेका घटनाहरूलाई वर्तमानमा मात्र सीमित गरेर हेर्न मिल्दैन र हुँदैन । यसलाई एक समग्र ऐतिहासिक परिप्रेक्ष्य र परिघटनाका रूपमा हेर्नु पर्दछ । सन १९६२ सालको अक्टोबर २० तारिखदेखि नोभेम्बर २१ तारिखसम्म भारत र चीनका बिचमा अस्काई चीन र पूर्वीत्तर क्षेत्रमा एक महिना लामो सीमा युद्ध भएको थियो र युद्धमा भारत पराजित भएको भयो भने चीनको विजय भयो । युद्धमा चीनसँग पराजय भोगे पछि भारतले आफ्नो सेनालाई नेपाली भूमि कालापानीमा ल्याएर राखेको थियो । सन १९७० सम्म भारतले नेपालका अठार वटा सीमा नाकाहरूमा भारतीय सेनाको जांच चौकी तैनाथ गरेको थियो । नेपालका तत्कालिन शासक राजा महेन्द्रले सीमा नाकाहरूबाट भारतीय सेनाको जाँचचौकी फिर्ता गर्ने क्रममा कालापानीमा रहेको भारतीय सेना हटाउने विषयमा आंखा चिम्लेका वा वेवास्ता गरेका थिए । पछि उनका छोरा राजा वीरेन्द्रले पनि त्यही नीति अवलम्बन गरेका थिए । त्यो उनीहरूको भारतलाई नचिड्याउने र आफूले नेपाली जनतामाथि लादेको निरङ्कुश तानाशाही पञ्चायती व्यबस्था टिकाउने र आफ्नो शासनको आयु लम्ब्याउने निहित चालबाजीको तरिका थियो ।

वि. सं. २०४६ र ०४७ को जनआन्दोलनबाट निरंकुश निर्दलीय पञ्चायती व्यबस्थाको अवसान भएपछि स्थापना भएको संवैधानिक राजतन्त्रसहितको सामान्य बहुदलीय व्यबस्थाको निर्वाचनमा नेपाली कंग्रेसले बहुमत ल्याएर कंग्रेस सभापति गिरीजा प्रसाद कोईरालाको प्रधानमन्त्रीत्वमा सरकार बनाएको थियो । गिरीजा प्रसाद कोईरालालाई महाकाली नदीको शिरतर्फ मिचिएको र अतिक्रमणमा परेको नेपाली भू-भागका बारेमा कुनै वास्ता थिएन बरु प्रधानमन्त्री कोइरालाले सन १९९१ साल डिसेम्बर पाँच तारिखमा भारतको औपचारिक भ्रमणमा गएको बेला महाकालीकै तलतिर पर्ने टनकपुर सन्धि गरेका थिए र त्यसलाई सन्धि होईन सहमति गरेको हो भनेर ढांट्ने दुष्प्रयास समेत गरेका थिए । त्यसैगरी वि. सं. २०५२ साल माघ १५ गते त्यो सिलसिलालाई थप निरन्तरता दिँदै कांग्रेसकै अर्का प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमण गएका बेला एमालेको समेत सहमतिमा दुई देशका प्रधानमन्त्री स्तरमा महाकाली सन्धिमा हस्ताक्षर गरेका थिए । वि. सं. २०५३ असोज ४ गते नेकपा एमालेको समर्थनमा नै संसदबाट महाकाली सन्धि अनुमोदन भएको थियो । यसप्रकार कंग्रेस र एमाले दुवैको मिलेमतोमा महाकाली नदीको मुहान देखि कालापानी सम्म मिचिएको राष्ट्रिय अस्मिताप्रति बेवास्ता गर्दै सिङ्गै महाकाली सन्धि सम्पन्न गरेका थिए । त्यतिखेर वर्तमान प्रधानमन्त्री केपी शर्मा वली महाकाली सन्धिको सबैभन्दा प्रखर पक्षपाति रहेका थिए । एउटा ऐतिहासिक संयोग नै भन्नु पर्दछ उक्त राष्ट्रघाति सन्धिका विरुद्ध मैले संशोधन प्रस्ताव राखेको थिए र एमालेका तीनजना सांसदहरू (मोहनचन्द्र अधिकारी, पद्मरत्न तुलाधर र हिरण्यलाल श्रेष्ठ)ले पार्टी ह्वीपलाई उल्लंघन गर्दै 'फ्लोर क्रस' गरेर संशोधन प्रस्तावको पक्षमा मतदान गरेका थिए ।

यतिखेर नेपालको पछिल्लो आम चुनावका रूपमा वि. सं. २०७४ साल मंसिर महिनाको १० र २० गते भएको निर्वाचन मार्फत अत्यधिक बहुमत हासिल गरी राज्यको वर्तमान कार्यकारी प्रमुख बन्न पुगेका (नेकपा) का प्रथम अध्यक्ष प्रधानमन्त्री केपी शर्मा वलीले कालापानी(लिपुलेक क्षेत्रमा भारतीय पक्षले त्यसरी सडक लगायतका भौतिक संरचनाहरू सम्बन्धि निर्माण कार्यहरू सञ्चालन गरेको विषयमा आफूलाई जानकारी नभएको भन्दै र त्यस घटना बारे आफू स्वयम बेखबर रहेको उदेकलाग्दो अभिव्यक्ति दिएकाछन । उनले यही २०७७ साल वैशाख ३० गते बसेको मन्त्री परिषदको बैठकमा त्यस बारेमा आफूलाई केही नभनिएको र आफू अनभिज्ञ रहेको बताएका थिए भन्ने जानकारी हुन आएको छ । यसरी देशको राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र अस्मिता सित जोडिएको गम्भीर मुद्दामा घटित घटनाका बारेमा राज्यको कार्यकारी प्रमुख रहेका प्रधानमन्त्रीको तहबाट आफू अध्यावधिक नभएको र सुसूचित नरहेको कुराको खुलासा हुनु भनेको एकातिर हददर्जाको लाचारीपनको प्रदर्शन हो भने अर्कातिर समग्र राज्य संरचनाको पंगुपना एवं दिवालियापनको द्योतक समेत पनि हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय अस्मिता माथि विदेशी (छिमेकी) द्वारा भैरहेको अतिक्रमण र थिचोमिचोका बारेमा जसरी आफू बेखबर रहेको बताएका छन् त्यो कुनै नौलो विषय होईन बरु बेखबर रहेको अभिनय एवं बाहनावाजीको थप नयां उपक्रमको एउटा कडी मात्रै हो । यी सबै कार्यहरूको मकसद भनेको आफ्नो सत्ता जोगाउन र स्वार्थ पूर्ति गर्नका लागि नेपालका सत्तासीन शासकहरूले भारतीय सत्ता र संस्थापन पक्षको दलाली, चाकरी एवं चाप्लुसी गर्ने र त्यस वापत पारितोषिक खाने खेतीको उपक्रम नै हो ।

### *'इन्टेलिजेन्स' को स्थिति*


आधुनिक राज्यहरूको आफ्ना आधारभूत र अत्यावश्यक निकाय, संरचना र संयन्त्रहरू हुन्छन । तीनिहरू मध्ये सरकार, संसद, अदालत, जनप्रशासन, सेना, प्रहरी आदि प्रमुख हुन । ती बाहेक आफ्ना शत्रु, मित्र लगायत अन्य पक्ष समेतको बारेमा सूचना संकलन मार्फत स्थितीको जायजा लिने एवं थाहा पाईराख्ने र राज्य व्यवस्थालाई सदैव चनाखो र जानकार अवस्थामा राख्नका निम्ति जासूसी (इन्टेलिजेन्स) संस्थाको पनि स्थापना गरीएको हुन्छ । नेपालमा त्यस्तो संस्थाका रूपमा 'राष्ट्रिय अनुसन्धान विभाग' रहेको छ । वि. स. २०१८ साल (सन् १९६२) मा स्थापना भएको राष्ट्रिय अनुसन्धान बिभाग नेपालको प्रमुख जासुसी निकाय हो । राष्ट्रिय अनुसन्धान विभाग भनेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासमेत गरी राज्यका चार वटा सुरक्षासम्बन्धी संस्थाहरू मध्येको एक हो । त्यसको काम देशको सार्वजनिक सुरक्षा, आर्थिक अपराध, भ्रष्टाचार, आन्तरिक एवं वाह्य आतंकवाद, मुद्रा अपचलन, लागु औषध र मानव तस्करी जस्ता विषयहरूका सम्बन्धमा सूचना प्राप्त एवं संकलन गर्नु हो । राष्ट्रिय अनुसन्धान बिभाग बाहेक नेपाल प्रहरीको 'अपराध अनुसन्धान विभाग' र नेपाली सेनाको 'सैन्य सूचना निर्देशनालय' समेत पनि रहेकाछन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले २०७४ साल फाल्गुन ०३ गते दोस्रो पटक नेपालको प्रधानमन्त्रीको रूपमा सत्तारोहण गरेपछि गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान बिभाग र कानुन मन्त्रालय अन्तर्गत रहेको महान्यायधिवक्ताको कार्यालयलाई समेत प्रधानमन्त्री कार्यालय अन्तरगत ल्याएर राखेकाछन । त्यसपछि राष्ट्रिय अनुसन्धान बिभागले प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय अन्तर्गत रहेर काम गरिरहेकोछ भन्ने देखिन्छ र बुझिन्छ । त्यस हिसाबले हेर्दा प्रधानमन्त्री र प्रधानमन्त्री एवं मन्त्रिपरिषदको कार्यालय राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा घट्ने सबै घटनाहरूका बारेमा चुस्त अनि दुरुस्त रहिरहनु पर्ने अपेक्षा गर्न सकिन्छ । त्यस बाहेक नेपाल प्रहरि र नेपाली सेनाका अनुसन्धान एवं सूचना सन्यन्त्रहरू मार्फत समेत पनि आवश्यक जानाकारी प्राप्त हुनु पर्ने कुरा बुझ्न सकिन्छ । तर प्रधानमन्त्रीको भनाईलाई मध्यनजर गर्दा त्यस्तो भएको प्रतित हुदैन । यदि त्यस्तो हो भने त्यसको जीम्मेवारी प्रधानमन्त्री केपी शर्मा ओलीले नै लिनु पर्दछ । किनभने आफ्नो नेतृत्व र आफ्नो कार्यालय मातहत रहेका संस्थाहरूको यथोचित सदुपयोग गर्न नसकेर तीन्को कार्य क्षमता र उपयोगितालाई निष्प्रभावी र भुत्ते पार्ने काम उनी स्वयमले गरेकाछन भन्दा अत्युक्ति हुंदैन ।

सन २०१४ को जुलाई महिनामा भएको नेपाल-भारत संयुक्त आयोगको तेस्रो बैठकमा नेपालद्वारा प्रस्तुत प्रवुद्ध व्यक्तिहरूको समूह (इमिनेन्ट पर्सन्स ग्रुप- ईपीजी) गठन गर्ने प्रस्ताव स्वीकृत भएको थियो । पहिलो पटक सन २०१६ को जनवरी महिनामा गठन भएको ईपीजीलाई सन १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिलगायत अन्य सन्धि एवं सम्झौताहरू पुनरावलोकन गर्ने कार्यभार दिईएको थियो र फेब्रुअरी महिनामा भएको प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणका दौरान दुवै देशहरूले ईपीजीमा रहने सदस्यहरूको नामावली घोषणा गरेका थिए । नेपालको तर्फबाट ईपीजीमा रहेका चारजना सदस्यहरू मध्येका दुईजना सदस्यहरू एकजना निलाम्बर आचार्य भारतका लागि नेपाली राजदुत नियुक्त भएर नयां दिल्लीमा बसीरहेका छन भने अर्का एकजना राजन भट्टराई प्रधानमन्त्री केपी वलीको पहिलो प्रधानमन्त्रीत्व कालदेखि नै लगातार विदेश मामिला सल्लाहकार रहेकाछन । यसरी ईपीजीमा रहेका दुई-दुईजना सदस्यहरू राजदुत र सल्लाहकार भैरहदा समेत प्रधानमन्त्री केपी वली महत्वपूर्ण एवं अत्यावश्यक जानाकारी र सूचनाहरू प्राप्त गर्नबाट वन्चित हुन पुग्नु भनेको अर्की उदेक लाग्दो विषय हो ।

त्यसैगरी माथि उल्लेखित सन् २०१४ को जुलाई महिनामा भएको नेपाल-भारत संयुक्त आयोगको तेस्रो बैठकको दौरानमा दार्चुलाको कालापानी र परासीको सुस्ता क्षेत्रमा विद्यमान रहेको सीमा विवाद समाधान गर्न नापी विभागको महानिर्देशक तहको सीमा कार्यदलको प्राविधिक सहयोग लिनेगरि नेपाल-भारत परराष्ट्र मन्त्रालय सचीवस्तरीय संयन्त्र निर्माण भएकोछ । तर उक्त संयन्त्रको बैठक भारतीय पक्षको अनिच्छाका कारणले गर्दा अहिलेसम्म पनि बस्न नसकेको बताइएको छ । तथापि नेपालको तर्फबाट के-कति प्रयत्नहरू भएका र गरीएका छन भन्ने बारे खासै खुलसा भएको छैन । त्यसरी सीमा विवाद रहेका निश्चित स्थानहरूको नामै किटान गरेर समस्या सुल्झाउन भनि संयन्त्र नै निर्माण गरेको अवस्थामा त्यसले सम्बन्धित सीमा क्षेत्रको बारेमा अध्ययन, अनुसन्धान र जानकारी अद्यावधिक गर्नु र राख्नु गर्ने स्वतः स्पष्ट छ । बैठकका लागि भारत पक्ष अग्रसर नदेखिएता पनि कम्तिमा पनि नेपाल पक्षले आफ्नो ढंगले कृयाशिल रहनु सम्झाई रहनु पर्ने विषय होईन तर त्यसले पनि त्यस्तो कार्य केहि नगरेको र प्रधानमन्त्री केपी ओलीले त्यस मार्फत समेत सूचना नपाएको वा नलिएको महसुस गर्न सकिन्छ । यदि त्यस्तो अवस्था भएको हो भने त्यो अर्की उदेक लाग्दो विषय हो ।

विद्यमान अवस्थाको समग्र पक्षमाथि ध्यान दिंदा राज्यको निकम्मापन प्रष्ट भएकोछ भने विभिन्न कालखण्डमा राज्यको बागडोर हातमा लिएका शासकहरूको लाछी, हुतीहारा, कायर र दब्बु चरित्र छर्लङ्ग भएकोछ । अहिलसम्म सत्तासिन हुन पुगेका शासकहरूले विभिन्न ऐतिहासिक दस्तावेज र प्रमाणहरूले पुष्टी गरेको र भएको अवस्थामा समेत देशको सम्पूर्ण भू-भाग समेटेर नक्सा समेत प्रकाशित गर्न तर्फ नलागेर आंखा चिम्लेर बसेको जगजाहेर छ । विगत लामो समयदेखि जनस्तरबाट व्यापक आवाज उठिरहंदा पनि राज्य र सरकारले तेति काम पनि गर्न नसकेको अवस्थाले सिङ्गो राज्य व्यबस्थाको अकर्मण्यता र निरिहता लाई उदाङ्गो पारेकोछ । वास्तवमा भन्ने हो खबर नपाएर होईन कि बरु खबर पाएर पनि बेखबर रहेको नाटक मन्चन गरेको निष्कर्षमा पुग्न सकिन्छ । त्यस्तो अवस्था उत्पन्न हुनु भनेको ब्युझिएर पनि मस्त निद्रामा परेको अभिनय गर्नु बाहेक अरु केही होइन भन्ने स्पष्टै छ । जुन कुरो निन्दनीय र हास्यास्पद दुबै रहेको छ ।



वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# नीति तथा कार्यक्रममा झुटैझुट, एमसीसीमा बठ्याइँ


● एलिजा उप्रेती ●

सरकारले ल्याएको नीति तथा कार्यक्रमले अधिकांश पुरानै नारा दोहोर्याएको, केही बुँदामा झुट बोलेको र केहीमा बठ्याइँ गरेको आरोप लागेको छ । आयोजनाहरु समयमै सम्पन्न गरिने, फजुल खर्च कटौती गरिने जस्ता विषयले झुटको सङ्केत गर्ने विज्ञहरु औंल्याउँछन् ।

विज्ञहरुले सरकारले केही बुँदामा झुटको खेती गरेको र एक वर्षको नीति तथा कार्यक्रम हुनुपर्नेमा सधैं रटान लगाउँने शब्द मात्र भएको बताएका छन् । *क्रमशः...*

## पाँच दर्जन...

भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध गरेको विरोध कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी पाँच दर्जन बढी नेता कार्यकर्तालाई गिरफ्तार गरेको छ । माइतीघर मण्डलामा गरिएको विरोध प्रदर्शनमा हस्तक्षेप गरी प्रहरीले ठूलो संख्यामा नेता कार्यकर्ताहरूलाइ गिरफ्तार गरेको हो ।

गिरफ्तार गरिएका नेताहरूमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, महासंघका महासचिव नगेन्द्र राई, क्रान्तिकारी माओवादीका पीवीएम सुरेश श्रेष्ठ, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा.जगदीशचन्द्र भण्डारी, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना, महासचिव बसन्त बोगटी, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, महासचिव पेशल दाहाल, अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत, सचिव रूपा गेलाल, पार्टी केस गोविन्द पौडेल, कुमार बोगटी, देजमो केस तथा ललितपुर जिल्ला अध्यक्ष इन्दिरा अधिकारी, नेवाः मोर्चाका उपाध्यक्ष गोर्की श्रेष्ठ, क्रान्तिकारी माओवादी काठमाडौं सचिव खगेन्द्र छन्त्याल, देजमो अध्यक्ष बन्धुदेव पाण्डेलगायत बोजगराज श्रेष्ठ, विद्यार्थी नेताहरू हिक्मत महरा, संघर्ष दाहाल, विष्णु नेम्वाङ, दिनेश थापा, निरन तुलाधार, राज बज्र, मुकेश श्रेष्ठ, पदम भण्डारी, प्रेम तामाङ, पवन गुरुङ , नरेन्द्र कार्की, दिनेश बर्तौला, धुर्व क्षेत्री, कपिल पुन, मंगल तामङ, भुवन थापा, यज्ञ बहादुर थापा, सरोज लामा लगायत पाँच दर्जन बढी नेता कार्यकर्ता रहेका छन् ।

गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई महेन्द्र पुलिस क्लवमा राखिएको छ । गिरफ्तारीको प्रक्रियामा वसन्त बोगटी सामान्य घाइते समेत भएका छन् । प्रदर्शनको क्रममा भारतीय विस्तारवाद र नेपालको ओली नेतृत्वको दलाल सरकारका विरुद्ध चर्को नाराबाजी गरिएको थियो । राष्ट्रिय स्वाधीनताको रक्षाको लागि सडकमा उत्रिएका देशभक्त क्रान्तिकारीहरूमागिथ गरिएको दमन, धरपकड र गिरफ्तारीको चौतर्फी रूपमा विरोध गर्दै गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूको अविलम्ब रिहाईको माग गरिएको छ । क्रान्तिकारी माओवादीले प्रहरी दमन र गिरफ्तारीको विरोधमा केही समयपछि प्रेस वक्तव्य जारी गर्दैछ ।

## ५५औं...

जनतन्त्र एवं जनजीविकाको सवालमा विगतको झै अझ अग्रगामी, देशभक्त, क्रान्तिकारी विद्यार्थीहरूको एकतालाई सुदृढ बनाई मुलुकलाई नयाँ जीवन दिनको लागि भूमिका निर्वाह गर्नु अहिलेको अपरिहार्यता रहेकोछ ।

भारतले लिपुलेक सडक निर्माण र लिम्पीयाधुरा, सुस्ता, महेशपुरलगायत ७४ ठाउँमा सीमा मिचेर नांगो हस्तक्षेप गरेकोमा आम विद्यार्थी युवाहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नु जरुरी छ । साथै शिक्षा क्षेत्रमा भएका सबै प्रकारका विकृति विसंगति एवं शिक्षा क्षेत्रमा भइरहेको माफियाकरण र दलालीकरणको अन्त्य गर्दै शिक्षा र स्वास्थ्यलाई पूर्ण रूपमा राष्ट्रियकरण गर्दै निःशुल्क एवं सर्वसुलभ बनाई वैज्ञानिक र जनवादी शिक्षा प्राप्तिको निम्ति संघर्षलाई अझै घनिभूत बनाउन । जसको निम्ति आम विद्यार्थी, अभिभावक, शिक्षकलगायत सम्पूर्ण जनसमुदायहरूलाई समेत एकतावद्ध भई निरन्तर अगाडि बढनका लागि हार्दिक अनुरोध गर्दछौ ।

*हरिकृष्ण गजुरेल*
*केन्द्रीय अध्यक्ष*
*अखिल(क्रान्तिकारी)केन्दीय समिति*

## क्रान्तिकारी....

स्वाधीनताको रक्षाका लागि आवाज उठाउने तथा स-साना विरोध प्रदर्शनमा संलग्न हुने देशभक्त नेपालीहरूमाथि निर्लज्ज दमनमा उत्रने, कोरोना भाइरसको प्रकोपबाट पीडित जनताका लागि यथोचित राहत उद्धार गर्न नसक्ने वर्तमान प्रधानमन्त्री केपी ओलीका लागि अब प्रधानमन्त्रीको कुर्सीमा टाँसिएर बसिरहने कुनै नैतिक अधिकार नरहेको ठहर गर्दै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले प्रधानमन्त्री केपी ओलीको अविलम्ब राजीनामाको माग गरेको छ । बैशाख ३१ गते सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी)को स्थायी समितिको बैठकले प्रधानमन्त्री ओलीको राजिनामा माग गर्ने निर्णय गरेको हो ।

जेठ १ गते पार्टीको स्थायी समितिको बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न पार्टी महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा ६ वटा बुँदामा निर्णयहरू सार्वजनिक गरिएको छ ।

ओली सरकार राष्ट्रियता, जनतन्त्र र जनजीविकाका गम्भीर तथा विकराल समस्या समस्याप्रति संवेदनशील छैन भन्ने कुरा सरकारले हालै संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट पनि बुझ्न सकिन्छ । सरकारले नियमित अवस्थामा प्रस्तुत गर्ने जस्तो नीति कार्यक्रम प्रस्तुत गरेको छ । कोरोना भाइरसको संक्रमण राज्यको नियन्त्रण बाहिर गई भयावह बन्दै गरेको अवस्थामा महामारी नियन्त्रणको विषय नै नीति तथा कार्यक्रममा समेटेको छैन । महामारीकै बीच नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकतामाथि गम्भीर खतरा उत्पन्न हुन सक्ने र साम्राज्यवादी मुलुक अमेरिकाको रणमैदानमा परिणत गराउने नियत लुकेको विवादित एमसीसी सम्झौता कार्यान्वयन गर्ने विषय समेत नीति तथा कार्यक्रममा समेटेकोले ओली सरकार देश र जनताको रक्षा तथा सुरक्षाका निम्ति रतिभर पनि संवेदनशील छैन भन्ने पुष्ट भएको पनि क्रान्तिकारी माओवादीका नेताहरूले बताउँदै आएका छन् । प्रधानमन्त्री केपी ओलीको अहिले क्रान्तिकारी माओवादीले मात्र होइन स्वयम् सत्तारुढ पार्टीका नेताहरूले समेत राजिनामा माग्दै आएका छन् ।

### *राष्ट्रिय स्वाधीनताको संघर्षको घोषणा*

क्रान्तिकारी माओवादीले अहिले कोरोना भाइरसजन्य महामारीको मौका छोपेर भारतले हस्तक्षेप बढाउने, त्यही महामारीको निहुँमा सरकार चुपलागेर बस्ने र देशको भौगोलिक अखण्डतामा गम्भीर आँच आउने स्थिति पैदा भएको भन्दै महामारी र जारी लकडाउनकै बीच राष्ट्रिय स्वाधीनताको संघर्षमा उत्रने घोषणा गरेको छ । पार्टी महासचिव किरणले जारी गरेको वक्तव्यमा भिनएको छ, "यो वेला त्यसै चुप लागेर बस्नु हुँदैन र संघर्षको प्रक्रियामा अगाडि बढ्नु आवश्यक हुन्छ । यस स्थितिमा हाम्रो पार्टी देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाका लागि अविलम्व देशको समग्र भूभाग समेटिएको नेपाली नक्सा सार्वजनिकीकरण गर्न, लिम्पियाधुरासम्मको नेपाली भूभागमा सुरक्षाबल राख्न, नेपालको सीमा क्षेत्रमा तारबारको प्रक्रिया अगाडि बढाउन र महाकाली पूर्व लिम्पियाधुरा, कालापानी तथा लिपुलेक सहित सीमा सम्बन्धी विषयलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि स-साना कार्यक्रम सहित संघर्षमा उत्रने घोषणा गर्दछ ।"

क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनताको मुद्दासँगै अबको संघर्षमा कोरोना महामारीबाट पीडित जनताको समुचित राहत तथा उद्धारको मागलाई समेत संघर्षको कार्यसूचीमा समावेश गरेर लैजाने पनि निर्णय गरेको छ । क्रान्तिकारी माओवादीले घोषित संघर्षका कार्यक्रम अनुसार भारतीय विस्तारवादद्वारा कालापानी क्षेत्रमा हस्तक्षेप गरी लिपुलेक जाने बाटो बनाइएकोमा त्यसको विरोधमा जिल्लाको स्थिति र कोरोना भाइरसको महामारीमाथि समेत आवश्यक ध्यानदिदै ससाना विरोध जुलुस (७ देखि १५ जनासम्म), भित्तेलेखन, हातेपोस्टर, कोणसभा लगायतका कार्यक्रम (गाउँ, बजार, नगर, सदरमुकाम जहाँ जे जस्तो सम्भव हुन्छ) दिने निर्णय गरेको छ ।

राष्ट्रिय स्वाधीनतासित सम्बन्धित सङ्घर्षका लागि "लिम्पियाधुरा, कालापानी, लिपुलेक हाम्रो हो – हाम्रो हो ! हाम्रो हो !!, भारतीय सेना नेपाल छोड – नेपाल छोड ! नेपाल छोड !!, लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रमा नेपाली सेना तैनाथ गर – तैनाथ गर ! तैनाथ गर !!, नेपाल-भारत सीमानामा तारबार लगा – तारबार लगा ! तारबार लगा !!" लगायतका नाराहरू तय गरेको छ ।

### *राष्ट्रिय सहमति गर्न जोडदार माग*

राष्ट्रिय स्वाधीनताको रक्षाको मुद्दालाई प्रमुख मुद्दा बनाएर निरन्तर रूपमा आन्दोलित हुँदै आएको क्रान्तिकारी माओवादीको सम्पन्न स्थायी समितिको बैठकले राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न र कोरोना भाइरसका कारण उत्पन्न महामारी विरुद्ध लड्न मुलुकमा अस्तित्वमा रहेका सबै राजनीतिक पार्टीहरू, नागरिक समाज लगायतबीचमा राष्ट्रिय सहमतिको खाँचो रहेको ठहर गरेको छ । सरकारद्वारा संसदमा प्रतिनिधित्व गरेका पार्टीहरूलाई मात्र बोलाई सर्वदलीय बैठक बोलाइएको भनी नाटक गरिएकोमा त्यसको कडा विरोध गरेको छ । क्रान्तिकारी माओवादीले देशमा अस्तित्वशील सबै राजनीतिक पार्टीहरू, नागरिक समाज तथा सीमाविद, परराष्ट्रविद सहितका प्रबुद्ध बुद्धिजीवी एवम् पत्रकारहरूलाई समावेश गरी सर्वपक्षीय बैठक बोलाउन जोडदार माग गरेको छ । राष्ट्रिय स्वाधीनता र महामारी जस्तो अतिसंवेदनशील विषयमा सम्बन्धित सबै पक्षसित राष्ट्रिय सहमति गर्न जोडदार माग गरेको हो । तर ओली सरकारले संसदमा नरहेका तर राष्ट्रिय राजनीतिमा ठूलो प्रभाव पार्न सक्ने हैसियतका क्रान्तिकारी माओवादी लगायत अन्य राजनीतिक पार्टीहरूसँग राष्ट्रिय महत्वका अतिसंवेदनशील विषयहरूमा समेत कुनै परामर्श गर्ने गरेको छैन । राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सडकको नेतृत्व गर्दै आएको यो पार्टीलाई समेत ओली सरकारले राष्ट्रिय स्वाधीनताको मुद्दामा हुने वा भएका छलफल, बहसमा समेत निषेध गर्दै आएको छ । र, यो पार्टीको नेतृत्वमा भएका आन्दोलनमाथि फासिवादी दमन गर्दै आएको छ ।

हालै भारतीय विस्तारवादी शासकले नेपालको लिपुलेक भूमि अतिक्रमण गरी बनाएको १९ किमि सडकको विरोधमा सडक प्रदर्शनमा उत्रिएको क्रान्तिकारी माओवादीका नेता कार्यहरूमाथि ओली सरकारले निर्मम दमन र धरपकड गर्‍यो । क्रान्तिकारी माओवादीका पाँच जना पीवीएम, ८ जना केन्द्रीय सदस्य लगायत जबस मोर्चाका नेताहरूसहित पाँच दर्जन बढीलाई गिरफ्तार गर्‍यो । यसअघि पनि पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, महासचिव परि थापालगायत दर्जनौं नेताहरूलाई पनि लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतको अतिक्रमित भूमि फिर्ताका लागि पहल गर्न भनि ज्ञापन पत्र बुझाउन जाँदा निर्मम दमन गरी गिरफ्तार गरिएको थियो । क्रान्तिकारी माओवादीकै पहल र नेतृत्वमा दश दलीय मोर्चा समेत राष्ट्रिय स्वाधीनताको आन्दोलनमा रहेको छ । तर सरकारले यो पार्टीलाई समेत निषेध गर्दै आएको छ ।

क्रान्तिकारी माओवादीका महासचिव किरणले जारी गरेको वक्तव्यमो १ नं. बुँदामा भनिएको छ, "देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकतामाथि हस्तक्षेप गरिएको र कोरोना भाइरस कोभिड-१९ जस्तो महामारी फैलिएको वर्तमान अतिगम्भीर एवम् संवेदनशील अवस्थामा देशमा अस्तित्वशील सबै राजनीतिक पार्टीहरू, नागरिक समाज तथा सीमाविद, परराष्ट्रविद सहितका प्रबुद्ध बुद्धिजीवी एवम् पत्रकारहरूलाई समावेश गरी सर्वपक्षीय बैठक बोलाउनु पर्नेमा सरकारद्वारा संसदमा प्रतिनिधित्व गरेका पार्टीहरूलाई मात्र बोलाई सर्वदलीय बैठक बोलाइएको भनी नाटक गरिएकोमा त्यसको हामी कडा विरोधगर्दै यस अतिसंवेदनशील विषयमा सम्बन्धित सबै पक्षसित राष्ट्रिय सहमति गर्न जोडदार अनुरोध गर्दछौं ।"

### *भारतीय हस्तक्षेप तथा अतिक्रमणलाई अन्तर्राष्ट्रियकरण गर्न माग*

राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेकपा (क्रान्तिकारी माओवादी) सँधै नेतृत्वदायी रूपमा अग्रसर रहँदै आएको छ । भारतले गत कार्तिक १६ गते नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी आफू नक्सामा गाभेर नयाँ राजनीतिक नक्सा जारी गर्नुभन्दा एक डेढबर्षअघि देखि नै यो मुद्दा उठाउँदै आएको थियो । नेपाल सरकारले नक्कली नक्सा प्रयोग गरिरहेको र सरकारको निशान छापमा समेत लिम्पियाधुरा, लिपुलेक, कालापानी गायब पारिएको नक्सा प्रयोग गरेको विषय प्रमुखताका साथ उठाउँदै आएको थियो । यही पार्टी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा मेची महाकाली राष्ट्रिय जागरण अभियान समेत सञ्चालन गरेको थियो । लिम्पियाधुरासहितको चुच्चे नक्सा आफैले प्रकाशित गरी सरकारी कार्यालयमा झुण्ड्याउन आग्रह गर्दै नेपालको वास्तविक नक्सा जारी गर्न सरकारलाई पटक पटक दबाब समेत दिंदै आएको थियो ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रलाई भारतीय विस्तारवादी शासक वर्गले आफ्नो नक्सामा पारेपछि क्रान्तिकारी माओवादी लगायत नागरिक समाजले समेत ठूलो विरोध गर्‍यो । देशव्यापी विरोध भएपछि भारतलाई कुटनीतिक नोट समेत पठाउन ओली सरकार बाध्य भयो । तर त्यो कुटनीतिक नोटप्रति बेवास्ता गर्दै भारतीय शासक वर्गले आफ्नो नक्सामा पारेको भूमि भारतकै भएको दाबी गर्‍यो । र, ओली सरकारसँग वार्ता संवाद गर्न इन्कार गर्‍यो ।

लिपुलेकमा सडक बनाई उद्घाटन गरिएपछि पनि देशव्यापी रूपमा विरोध भएपछि ओली सरकारले भारतीय दूतावासलाई बोलाएर स्पष्टीकरण मागसहितको कुटनीतिक पत्र थमायो । दूतावासले समेत उक्त भूमि भारतकै भएको दाबी मात्र गरेन महामारी नियन्त्रण नभएसम्म यस विषयमा भारतीय पक्षसँग कुनै कुरा नहुने समेत बतायो । उता भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणेले गएको शुक्रबार सुरक्षासम्बन्धी एक भिडियो कन्फरेन्समा नेपालले अरू कसैको इसारामा पिथौरागढ-लिपुलेक सडकको विरोध गरेको अभिव्यक्ति दिए । उनले त्यहाँ कुनै विवाद नरहेको समेत बताएका थिए ।

नेपाली भूमि भारतले दार्चुला र लिपुलेक क्षेत्रमा अवैध रूपमा सडक बनाएको विषयमा नेपालबाट भइरहेको विरोधलाई भारतीय सेना प्रमुखले दिएको अभिव्यक्ति आपत्तिजनक रहेको भन्दै त्यसको विरोध भइरहेको भए पनि ओली सरकारले यसमा कुनै प्रतिक्रिया दिएको छैन ।

यस पृष्ठभूमिमा अतिक्रमित भूमि फिर्ता गर्न र सीमा समस्या सँदाका लागि समाधान गर्न नेकपा (क्रान्तिकारी माओवादी)ले चार बुँदे माग तथा सुझाव प्रस्तुत गर्दै भारतीय हस्तक्षेपलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्नेमा जोड दिएको छ । पार्टीको स्थायी समितिको पछिल्लो बैठकले गरेको निर्णयको २ नं. बुँदमा भनिएको छ, "सीमा विवादको समाधानका लागि कूटनीतिक पहल, राजनीतिक वार्ता, आदिको आवश्यकता पर्दछ । तर, भारतले ती सबैलाई लत्याउँदै प्रबुद्ध व्यक्ति समूह (इपीजी)को रिपोर्ट लिन समेत अस्वीकार गर्दै र एकतर्फी रूपमा आक्रामक ढंगले आफ्ना समस्त कारवाही तथा गतिविधि बढाउँदै लगेको स्थितिमा अब कूटनीतिक पहल तथा राजनीतिक वार्ताको कुरा गर्नु अति कमजोर अर्थात् निष्क्रिय प्रतिरक्षा मात्र नभई राष्ट्रिय आत्मसर्मपणवाद तथा दलाली बाहेक अरु केही हुन सक्तैन । तसर्थ, हाम्रो पार्टी महाकाली पूर्वको लिम्पियाधुरा, कालापानी तथा लिपुलेकसम्मको भूभाग र त्यस अतिरिक्त सुस्ता, महेशपुर लगायत सीमा क्षेत्रमा भारतीय विस्तारवादद्वारा गरिंदै आएको हस्तक्षेपको विरोध र देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा भौगोलिक अखण्डताको रक्षाका लागि – (क) समग्र नेपाली भूभागलाई समेटी शीघ्रातिशीघ्र नेपाली नक्साको सार्वजनिकीकरण (ख) लिम्पियाधुरासम्मका सबै सीमा क्षेत्रमा अविलम्व सुरक्षाफोर्सको तैनाथी, (ग) नेपालको सीमा क्षेत्रमा तारबारको लागि यथाशीघ्र पहल र (घ) नेपाली भूभागमा गरिएको हस्तक्षेपको विरोध तथा नेपाली सार्वभौमिकता रक्षाको विषयलाई अन्तर्राष्ट्रियकरण गर्न समेत जोडदार माग गर्दछ ।"


### *राहत र उद्दारको यथाशिघ्र व्यवस्था मिलाउन माग*

क्रान्तिकारी माओवादीले यो बेला विश्वव्यापी रूपमा कोभिड-१९ को महामारी फैलिएको र रोजगारीमा भारत लगायत विभिन्न देशहरूमा गएका नेपाली जनता अतिविचल्ली र अलपत्र परेको भन्दै उनीहरूलाई उद्धार तथा राहतको व्यवस्थापन गर्न जोड दिएको छ । उनीहरूलाई उल्टै लखेट्ने, अपमानित गर्ने काम पनि हुँदै आएको भन्दै सम्बन्धित देशमा रहेका नेपालीहरूको समुचित उद्धार तथा राहतको लागि सम्बन्धित देशसित आवश्यक पहल गर्न र स्वदेशमा आउन चाहने नेपालीहरूका लागि यथाशीघ्र व्यवस्था मिलाउन क्रान्तिकारी माओवादीले फेरि पनि जोडदार रूपमा माग गरेको छ ।



### *संयुक्त संघर्षका लागि आव्हान*

नेकपा (क्रान्तिकारी माओवादी)ले देशमा मुख्यतः राष्ट्रिय स्वाधीनता एवम् सार्वभौमिकताको रक्षा गर्न र यसका साथै कोरोना भाइरसजन्य महामारीको रोकथाम तथा जनताको उपयुक्त उद्धार राहतको प्रबन्ध मिलाउन, बेरोजगारहरूका लागि रोजगारी वा बेरोजगारी भत्ता उपलब्ध गराउनका लागि बृहत राष्ट्रिय संयुक्त मोर्चाको आवश्यकता रहेको ठहर गर्दै सम्पूर्ण राजनीतिक पार्टीहरू, देशभक्त शक्तिहरू, नागरिक समाज, प्रबुद्ध बुद्धिजीवीहरू तथा पत्रकारहरू बीच कार्यगत एकता वा आवश्यक तालमेल मिलाई संयुक्त संघर्षको तयारीमा जुटुन, त्यसबारे आवश्यक छलफल चलाउन तथा एकताबद्ध हुनका लागि विशेष अनुरोध एवम् आह्वान समेत गरेको छ । पार्टीको स्थायी समितिको बैठकले भारतीय हस्तक्षेपको विरोधमा मिल्न सकिने विभिन्न पक्षसित संयुक्त रूपमा सङ्घर्षको कार्यक्रम दिने निर्णय समेत गरेको छ ।




गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल


सूचना


१. स्वास्थ्य र पौष्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौं
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हरामरा बनाऔं ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।